# इजलास पुस्तिका
## (बालविवाह)



राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं

# इजलास पुस्तिका

## (बालविवाह)

## २०७६

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

| | |
|---|---|
| लेआउट | : श्री प्रतिक्षा श्रेष्ठ |
| प्रकाशन प्रति | : १००० प्रति |
| प्रकाशक | : राष्ट्रिय न्यायिक प्रतिष्ठान |
| प्रकाशन मिति | : २०७६ |
| मुद्रण | : |

सहयोगः सेन्टर फर रिप्रोडक्टिभ राईट्स **(Center for Reproductive Rights)**

CENTER FOR REPRODUCTIVE RIGHTS

सरोकारवालाहरूको सुझावसमेतका आधारमा तयार गरिएको इजलास पुस्तिका (बालविवाह), २०७६ सेन्टर फर रिप्रोडक्टिभ राईट्सको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा प्रकाशन गरिएको हो।

# भूमिका

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्यायाधीश, न्याय सेवाका अधिकृत, सरकारी वकील, कानून व्यवसायी एवम् न्याय प्रशासनमा संलग्न जनशक्तिको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने, कानून र न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने एवम् न्यायिक सूचना प्रवाह गर्ने उद्देश्यबाट स्थापित एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो।

निरन्तरको न्यायिक शिक्षाका माध्यमबाट जनशक्तिको व्यावसायिक क्षमता र कार्य दक्षताको अभिवृद्धि गरी न्याय प्रणालीले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउनु र न्यायमा जनताको पहुँचलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउनु प्रतिष्ठानको दायित्व हो। अदालत एवम् न्यायिक निकायप्रतिको जनताको बढ्दो अपेक्षालाई सम्बोधन गर्न र यसप्रति जनताको विश्वासलाई कायम राख्न न्यायाधीशलगायत अन्य न्यायिक जनशक्तिको क्षमता र दक्षता बढाउनु अति आवश्यक छ। तसर्थ, प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै न्यायिक जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि प्रशिक्षण, प्रवचन, प्रकाशन एवम् अनुसन्धानसम्बन्धी कार्यहरू गर्दै आइरहेको छ। यसै क्रममा प्रतिष्ठानले बालविवाह मुद्दासम्बन्धी इजलास पुस्तिका सेन्टर फर रिप्रोडक्टिभ राईट्सको सहकार्यमा तयार गरिएको हो।

प्रस्तुत इजलास पुस्तिका तयारी समूहमा रही योगदान दिनु हुने जिल्ला अदालतका माननीय न्यायाधीशहरू श्रीकृष्ण भट्टराई, श्री उपेन्द्रप्रसाद गौतम, श्री अवनी मैनाली भट्टराई  र प्रतिष्ठानका पूर्व रजिष्ट्रार श्री गजेन्द्र बहादुर सिंह र वर्तमान रजिष्ट्रार श्री यमबहादुर बुढामगरलाई प्रतिष्ठान उहाँहरू प्रति हार्दिक आभार व्यक्त गर्दछ। यस पुस्तिकालाई शुक्ष्मरुपमा पुनरावलोकन गरी प्रकाशन योग्य वनाउन अक्षक प्रयास गर्नुहुने माननीय जिल्ला न्यायाधीश द्वय श्री ब्रजेश प्याकुरेल र श्री कैलाशप्रसाद सुवेदीलाई प्रतिष्ठान उहाँहरूको योगदानको विशेष आभार व्यक्त गर्दछ।

त्यसका अतिरिक्त प्रतिष्ठानको प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी सम्पूर्ण कार्यक्रमको निर्देशन समितिको संयोजक रहेर यस इजलास पुस्तिकाको निर्माणमा

समेत सुझाव र मार्गदर्शन प्रदान गर्नु हुने सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लज्यू प्रति प्रतिष्ठान विशेष धन्यवाद ज्ञापन गर्दछ।

यसै गरी यस सहकार्यका लागि कार्यक्रम व्यवस्थापकको रूपमा कार्य गर्ने प्रतिष्ठानका निर्देशक श्री श्रीकृष्ण मुल्मी, व्यवसाय विकास व्यवस्थापक श्री राजनकुमार के.सी, अनुसन्धान अधिकृत श्री संजिव राई र अधिकृत श्री कविता सिलवाललाई सक्रिय यहाँकहरूको सहयोगको लागि प्रतिष्ठान उहाँहरूप्रति पनि आभार व्यक्त गर्दछ।

प्रस्तुत इजलास पुस्तिकालाई अन्तिम रूप दिन आयोजना गरिएको परामर्श बैठकमा आफ्नो अमूल्य राय सुझाव दिनुहुने माननीय न्यायाधीशज्यूहरू तथा विज्ञ सहभागीहरूलाई प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दछ।

अन्त्यमा, यो पुस्तिका तयार गर्ने क्रममा प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने सेन्टर फर रिप्रोडक्टिभ राईट्सका तात्कालीन रिजनल मेनेजर (एशिया) सोनाली रेग्मी, रिजनल मेनेजर (एशिया) श्री पूर्णा श्रेष्ठ र क्यापासिटी विल्डिङ मेनेजर (एशिया) श्री प्रविना बज्राचार्यलाई प्रतिष्ठान विशेष धन्यवाद ज्ञापन गर्दछ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान

| क्र.सं | विषय सूची | पृष्ठ नं. |
|---|---|---|

## भाग एक
## परिचय


| | | |
|---|---|---|
| १.१ | इजलास पुस्तिकाको परिचय | १ |
| १.२ | इजलास पुस्तिकाको उद्देश्य | २ |
| १.३ | इजलास पुस्तिकाको प्रयोग | ३ |
| १.४ | इजलास पुस्तिकाको आधिकारिकता | ४ |
| १.५ | इजलास पुस्तिकामा समावेश भएका विषयहरू | ४ |
| १.६ | इजलास पुस्तिकाको सिमा | ५ |


## भाग दुई
## प्रारम्भिक


| | | |
|---|---|---|
| २.१ | बालविवाहको अवधारणा र परिभाषा | ७ |
| २.२ | विवाहका लागि आवश्यक तत्त्वहरू | ८ |
| २.३ | बालविवाह हुने कारणहरू | ९ |
| २.४ | बालविवाहबाट हुने मानव अधिकार उल्लङ्घन | ११ |
| २.५ | बालविवाहसम्बन्धी कानूनी व्यवस्था | १५ |
| २.६ | बाल बिवाहसम्बन्धी कसूरको सन्दर्भमा नेपालको न्यायपालिकाको नविनतम् न्यायिक दृष्टिकोण | २३ |
| २.७ | बालबिवाहसम्बन्धी कसूरको सन्दर्भमा अन्तर्राष्ट्रिय तथा क्षेत्रिय नविनतम् न्यायिक दृष्टिकोण | २४ |

## भाग तीन

## बालविवाह र कम उमेरका व्यक्ति बीचको निषेधित विवाहमा कसूर पीडितसम्बन्धी व्यवस्थाहरू


| | | |
|---|---|---|
| ३.१ | कानूनको विवादमा परेका बालबालिकाले गरेको कसूर अर्थात् बालविवाह र कम उमेरका व्यक्तिहरू बीचको निषेधित विवाहसम्बन्धी कसूर र कानूनी व्यवस्था | ३५ |
| ३.२ | अपराध पीडित सम्बन्धी कानूनी व्यवस्थाहरू | ४६ |


## भाग चार

## बालविवाह कसूरसम्बन्धी मुद्दामा अवलम्बन गर्नुपर्ने प्रक्रिया


| | | |
|---|---|---|
| ४.१ | प्रथम चरण सुनुवाइ पूर्व | ५१ |
| ४.२ | दोश्रो चरण अभियोग दायरी र सुनवाइ | ६४ |
| ४.३ | तेश्रो चरण सुनुवाइ पश्चात् | ८४ |


## भाग पाँच

## विविध


| | | |
|---|---|---|
| ५.१ | बालबालिका पीडित भएको बालविवाहसम्बन्धी मुद्दामा अदालती प्रक्रिया | ९३ |

# भाग एक
# परिचय

## १.१ इजलास पुस्तिकाको परिचय

इजलासबाट बालविवाहसम्बन्धी मुद्दामा सम्पादन गर्नुपर्ने कार्यलाई सहजीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रस्तुत इजलास पुस्तिका तयार गरिएको छ। इजलास पुस्तिकाको तयारी गर्ने परिपाटी हाम्रो न्यायिक अभ्यासमा स्थापित नभइ सकेको भए तापनि अहिलेसम्म महिला हिंसा विरुद्ध र बाल इजलास पुस्तिका प्रकाशन भई सकेका छन्। अदालतमा बालबिवाहसम्बन्धी मुद्दाहरूको संख्या क्रमशः वृद्धि हुँदै गइरहेको सन्दर्भमा प्रस्तुत पुस्तिकाले बालबिवाहसम्बन्धी मुद्दामा न्यायिक प्रक्रियाहरूलाई प्रभावकारी बनाउनुका साथै त्यस्ता मुद्दाहरूको कारवाही र किनारा गर्दा अदालतले अवलम्बन गर्ने काम कारबाहीहरूमा एक रूपता र सहजीकरण गर्न मद्दत गर्ने विश्वास गरिएको छ।

खासगरी इजलास पुस्तिकाको प्रमुख लक्ष्य भनेको कुनै पनि विवाद वा मुद्दाको न्याय निरूपणको कार्यमा संलग्न हुने न्यायाधीश एवम् अदालतका कर्मचारीको दैनिक कार्यलाई सरलीकृत गरी सहजीकरण गर्न मद्दत पुऱ्याउनु हो। यस प्रकारका विषयगत इजलास वा हाते पुस्तिकाले कार्यविधिमा एक रूपता पुग्न गई पीडितलाई न्याय प्रदान गर्न र पीडकलाई सजाय निर्धारण गर्ने विषयमा एक रुपता कायम गर्नसमेत मद्दत पुऱ्याउन सक्दछ। यस्ता इजलास पुस्तिकाहरूको प्रयोगबाट समयमा नै न्याय सम्पादन भई पीडितले न्याय र पीडकले सजाय पाउने देखिन्छ। अन्य देशहरूमा यस प्रकारका पुस्तिकाहरूको अत्यधिक प्रयोग र प्रचलनमा रहेको पाइन्छ। विशेष गरी यसले छिटो न्याय सम्पादन गर्न सबै

नागरिकलाई समान रूपमा पूर्ण न्याय प्रदान गर्न र न्यायाधीश वा कर्मचारीको कार्यवोझ कम गराउन सहयोग पुऱ्याउँछ।

## १.२ इजलास पुस्तिकाको उद्देश्य

यस इजलास पुस्तिकाको मुख्य उद्देश्य बालविवाह मुद्दामा न्यायिक प्रक्रियालाई प्रभावकारी बनाउनुका साथै त्यस्ता मुद्दाहरूको कारवाही र किनारा गर्दा अदालतले अवलम्बन गर्ने काम कारबाहीमा एक रूपता कायम गर्नु हो। यस इजलास पुस्तिकाले बालविवाह बिरूद्धको अधिकारसाथै बालविवाह बिरूद्धको कानूनी संरक्षण हुँदा पनि बालबालिका, विशेषत बालिकाहरू यसबाट पीडित भइरहेको तथा बालविवाहले बालिकाहरूमा परेको बहु आयामिक हानीको साथै मानव अधिकारको उल्लङ्घनको बिश्लेषण गरेको छ। बालविवाहका पीडित बालिकाहरूलाई संरक्षण र न्यायमा पहुँच सुनिश्चत गर्न अदालतले खेल्नुपर्ने र खेल्न सक्ने भूमिकाका बारेमा समेत चर्चा गरिएको छ। यस पुस्तिकालाई बालविवाहको घटना वा विवादहरूको विश्लेषण, मूल्याङ्कन र बुझाई फरक हुने हुँदा बालविवाह बढाउने वा घटाउने कारक तत्त्वहरूको पहिचान र यस सम्बन्धमा हालसम्मको अदालती अभ्यास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय न्यायिक दृष्टिकोणबारे अवगत हुन उपयोगी सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ। यस इजलास पुस्तिकामा समावेश गरिएका विषयवस्तुले देहायका उद्देश्यहरू प्राप्तिका लागि सहयोग पुग्ने अपेक्षासमेत गरिएको छ।

- कार्यविधि सरलीकृत रूपमा उल्लेख हुने भएकोले न्याय सम्पादनमा सहयोग हुने र पीडितले छिटो न्याय प्राप्त गर्ने,
- सबै भौगोलिक क्षेत्रका पीडितलाई समान किसिमको न्याय दिलाउन सहयोग गर्ने,

- सबै भौगोलिक क्षेत्रमा कार्यविधि र सजाय निर्धारणमा एक रूपता कायम गर्न मद्दत पुग्ने,
- बालविवाह मानव अधिकारको उल्लङ्घन तथा लैंगिक हिंसा र बालविवाह कसुरको रूपमा हेर्न इजलासलाई सहयोगी हुने,
- इजलास पुस्तिकालाई विशेषगरी पीडितमुखी दृष्टिकोणबाट विकास गरिएकोले पीडितमुखी न्यायिक पद्धतिको विकासमा सहयोगी हुने,
- कानूनले व्यवस्था गरेको पुनस्थापकीय न्यायको अवधारणालाई कार्यान्वयन गर्न न्यायपालिकालाई मद्दत पुग्ने।

## १.३ इजलास पुस्तिकाको प्रयोग

इजलास पुस्तिका सुरु तहमा सुनुवाइ हुने बालविवाहसम्बन्धी मुद्दाको अदालती काम कारवाही र किनारामा सहजीकरण गर्ने उद्देश्यले तयार पारिएको हो। मूलतः इजलासमा रहने न्यायाधीशहरूका लागि तयार गरिएको भए पनि यसलाई इजलास सहायक र अन्य कर्मचारीहरूले समेत प्रयोग गर्न सक्नेछन्। न्यायिक कार्य सम्पादनको क्रममा आवश्यक हुने सान्दर्भिक व्यवस्थाहरूको विवरणलाई चरणगत रूपमा उल्लेख गरिएको हुँदा मुद्दाको कारवाही र किनारा गर्दा वा सुनुवाई व्यवस्थापन गर्दा यो इजलास पुस्तिकामा उल्लिखित व्यवस्थाहरू सान्दर्भिक हुन सक्नेछन्। प्रस्तुत पुस्तिकामा उल्लेख भएका ब्यवस्थाहरूको पूर्ण विवरण हेर्नका लागि सम्बन्धित स्रोतसम्म पुग्नसमेत सहयोग पुऱ्याउन सक्ने अपेक्षा गरिएको छ।

## १.४ इजलास पुस्तिकाको आधिकारिकता

प्रस्तुत इजलास पुस्तिकामा प्रचलित कानूनी व्यवस्थाहरू र कानूनका पुस्तकहरू एवम् नेपाल कानून पत्रिका र सर्वोच्च अदालतका फैसलाहरूबाट उद्धृत गरिएका छन्। यद्यपि यसलाई न्यायिक कार्य सम्पादनको क्रममा सन्दर्भ उल्लेख गर्दा आधिकारिकताका लागि सम्बन्धित कानून र नेपाल कानूनपत्रिका वा सर्वोच्च अदालतको फैसलाको आधिकारिक प्रतिबाट नै उल्लेख गर्नु उपयुक्त हुनेछ। यस पुस्तिकामा उल्लेख भएका ऐन तथा नियमावलीहरू जस्तैः बालबालिकासम्बन्धी ऐन, २०७५, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, अपराध पीडित संरक्षण ऐन, २०७५, जिल्ला अदालत नियमावली, २०७५, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएका व्यवस्थाहरू सँग सम्बन्धित छन्।

## १.५ इजलास पुस्तिकामा समावेश भएका विषयहरू

प्रस्तुत इजलास पुस्तिका बालविवाह विरुद्धको मुद्दाको रूपमा अदालतमा दायर पश्चात् शुरू हुने कारवाही र किनारा गर्दा विचार गर्नुपर्ने कुराहरू समेटिएका छन्। सो क्रममा न्याय सम्पादनको प्रत्येक चरणमा आउन सक्ने समस्याहरू र ती समस्यालाई सम्बोधन गर्न विचार गर्नुपर्ने विषयहरूलाई विशेष गरी उल्लेख गरिएको छ। साथै कानूनी व्यवस्थाको परिचय, कानूनी ब्यवस्थाले समेटेका विषयहरू, सोसँग सान्दर्भिक विभिन्न सान्दर्भिक कानूनी व्यवस्थाहरूसमेत उल्लेख गरिएको छ।

### १.६ इजलास पुस्तिकाको सीमा

पीडितलाई न्यायिक निकायबाट प्राप्त हुने सकारात्मक अनुभूति नै वास्तविक अर्थमा न्याय हो। वास्तवमा न्याय पाउनु पीडितको अधिकार नै हो। पीडितले उपरोक्त घटनाबाट मानसिक, भौतिक (ज्यान, सम्पत्ति) आर्थिक तथा सामाजिक क्षति एवम् पीडा बेहोर्नु परेको हुन्छ। जवसम्म पीडितले न्यायको अनुभूति वा महसुस गर्दैन, तबसम्म न्याय गरिएको ठहरिँदैन। तसर्थ प्रस्तुत पुस्तिकामा विशेष गरी पीडितलाई न्याय दिने प्रयोजनार्थ पीडितलाई केन्द्र विन्दुमा राखी पीडितसँग सम्बन्धित न्यायिक प्रक्रिया वा कार्य विधिहरूको बारेमा मात्र उल्लेख गरिएको छ।

यसै गरी यस पुस्तिकाको प्रयोग खास गरी निर्णयकर्ता एवम् अदालतका कर्मचारीहरूले प्रयोग गर्ने भएकोले अन्य कसूरको न्यायिक कारबाहीमा प्रयोग वा अवलम्बन गरिने प्रक्रिया वा विधिलाई प्रस्तुत पुस्तिकामा उल्लेख गरिएको छैन।

# भाग दुई
# प्रारम्भिक

## २.१ विवाह र बालविवाह

विवाह प्राचीन कालदेखि चलिआएको एउटा संस्कार हो। विश्वकै पहिलो लिखित ग्रन्थ मानिने ऋग्वेदमा सूर्य र सूर्याको प्रसङ्गमा विवाह संस्कारका सबै वैदिक मन्त्र उल्लेख गरिएका छन्। विवाह संस्कारसँग सम्बन्धित सबै क्रियाकलाप ऋग्वेदमा उल्लेख गरिएको छन्। विवाहको चलन त्यस बेला पनि प्रचलित थियो भन्ने देखिन्छ। चार वेदमध्ये सबैभन्दा पछिल्लो अथर्व वेदमा पनि विवाह संस्कारबारे उल्लेख छ। यसबाट मानव जीवनलाई आदर्श रूपमा सञ्चालन गर्न विवाहको चलन सुरु भएको हो। हिन्दू समाजमा आफ्नो सम्पत्ति अरूलाई दान दिँदा संकल्प पढेर विधिपूर्वक दिने चलन भएजस्तै कन्याका पिताले आफ्नी छोरी अरूलाई सुम्पदा धार्मिक विधि अपनाउने गरिएको देखिन्छ।

शास्त्रीय विधिपूर्वक वरले कन्यालाई पत्नीको रूपमा पाणिग्रहण गर्ने क्रियालाई विवाह भनिन्छ जसबाट प्राणप्राणको, हाडहाडको, मासुमासुको र छालाछालाको स्थायी बन्धनकारी र पवित्र आन्तरिक संयोग हुन्छ।[1] आधुनिक समयमा भारतमा हिन्दु विवाह ऐन, १९५५ मा संस्कारात्मक विवाह, दर्ता विवाह र नागरिक विवाह हो भनी उल्लेख गरिएको पाइन्छ। मुस्लिम विधि, क्रिश्चियन विधि र चिनको विवाह ऐन, १९८१ अन्तर्गतका विवाहलाई करारीय विवाहका रूपमा लिइन्छ। नेपालको वर्तमान कानून मुलुकी देवानी संहिता अनुसार भनेको कुनै पुरुष र महिलाले कुनै उत्सव समारोहमा औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा निजहरूबीच विवाह भएको

[1] पारिवारिक कानून ज्ञाइन्द्रबहादुर श्रेष्ठ पैरवी प्रकाशन, २०७२

मानिन्छ।[२] यस कानूनले विवाहलाई पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित कानूनी बन्धन हुनेछ[३] भनी व्याख्यासमेत गरेको छ।

## २.२ विवाहका लागि आवश्यक तत्त्वहरू

### क. कानूनले तोकेको उमेर पुगेको हुनुपर्ने

विवाह गर्ने व्यक्तिहरूको कानूनले निर्धारण गरेको उमेर पुगेको हुनुपर्दछ। उमेर नपुगेमा विवाह हुन नै सक्दैन। उमेर नपुग्दै भएको विवाह नै बालविवाह हो। त्यसैले वैध विवाह हुनका लागि विवाह गर्ने महिला पुरुष दुवै व्यक्तिको कानूनबमोजिम उमेर पुगेको हुनुपर्छ। नेपालको प्रचलित कानूनले विवाहको निमित्त न्यूनतम उमेर २० वर्ष तोकेको छ।

### ख. दुवै व्यक्तिबीच स्वतन्त्र वैध सहमति वा मञ्जुरी

विवाह गर्ने व्यक्तिहरू बीच विवाहका गर्नका लागि राजी वा सहमति हुनु आवश्यक छ।यदि असहमति वा वेमञ्जुरी भएमा विवाह हुन सक्दैन। वर्तमान कानूनी व्यवस्था अनुसार बालबालिकाले सहमति वा मञ्जुरी दिन असमर्थ हुने भनी अनुमान गरेको छ। यदि राजी वा सहमति विना विवाह भएमा विवाह गर्ने र गराउँने दुवैलाई सजाय हुन्छ। यदि बालबालिका हुन भने उनीहरूले दिइएको सहमति स्वतन्त्र हुन सक्दैन। त्यसैले सहमति वा मञ्जुरी बिना विवाह नै हुँदैन।

### ग. हाडनाताका बाहेकका व्यक्ति बीच विवाह हुँदैन।

वर्तमान कानून अनुसार प्रथा वा परम्पराबमोजिम चलेको नाताको बीचको विवाह बाहेक एउटै अर्थात् उही गोत्र वा वंश वा नाता बीच विवाह हुन

[२] मुलुकी देवानी संहिता, २०७४ दफा ६७

[३] ऐजन, दफा ६८

सक्दैन। उही वंशमा वा परिवार बीच पनि विवाह गर्न कानूनले वन्देज लगाएको छ। विवाह हुनका लागि हाडनाता सम्बन्ध भित्रको हुन नहुने कानूनी व्यवस्था रहेको छ।

**घ. विवाहितासँग विवाह हुन नसक्ने।**

विवाह गर्ने केटा वा केटी विवाह हुने समयमा एकल हुनु पर्दछ। विवाहित व्यक्ति हुँदा हुँदै विवाह हुन सक्दैन। यदि यसरी विवाह भएमा वहु विवाह हुन्छ। वहु विवाहलाई पनि कसूरको रूपमा लिईएको छ। अर्थात् विवाह गर्ने वा हुने समयमा दुवै जनाको एकल व्यक्तित्व हुनुपर्ने छ अन्यथा विवाह हुन सक्दैन।

**ङ. केटा र केटी बीचमात्र विवाह हुने।**

मुलुकी देवानी संहिताले विवाह हुन पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेको हुनुपर्ने कानूनी व्यवस्था गरेको छ। उक्त व्यवस्था अनुसार पुरुष र महिला वीच मात्र विवाह हुन सक्छ।[४]

## २.३ बालविवाह हुने कारणहरू

**क. आर्थिक तथा सामाजिक असमानता/गरिबीः** बालविवाहसँग थुप्रै आर्थिक तथा सामाजिक कारण पनि जोडिएर रहेका हुन्छन्। घरका अभिभावकले आर्थिक तथा सामाजिक लाभको लागि तथा आर्थिक एवम् सामाजिक बोझ कम गर्न बालविवाहलाई प्रोत्साहित गर्ने गर्दछ। जस्तै कतिपय तराईमा

---

[४] मुलुकी देवानी संहिता २०७५ को दफा ७०: विवाह हुन सक्ने : (१) यस परिच्छेदको अधीनमा रही देहायका अवस्थामा पुरुष र महिला बीच विवाह हुन सक्नेछ :-
(क) पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

बस्ने विभिन्न जाति र समुदायमा छोरीको विवाह छिट्टै गरिदिए दाईजो कम लाग्ने भन्ने मान्यता छ। ग्रामीण समुदायमा छोरीको छिट्टै विवाह नभए पारिवारिक बोझ तथा परिवारको मान र प्रतिष्ठामा आँच आउन सक्ने भन्ने बुझाइ र मान्यताले अझै जरो गाडेको छ। त्यस्तै, चरम गरी बीमा बाँच्न बाध्य अधिकांश समुदायमा महिला र बालिकालाई आर्थिक लाभ हासिल गर्ने वा परिवारले बहन गर्ने आर्थिक भारलाई कम गर्ने आधार वा माध्यमको रूपमा पनि लिइने गरिन्छ।

**ख. शिक्षा र चेतनाको अभावः** बालमैत्री विद्यालय तथा पठनपाठनको अभाव, तालिम प्राप्त शिक्षकको अभाव र महिला तथा बालिकाहरू निरन्तर हिंसाको जोखिममा रहनु पर्ने आदि कारणले गर्दा पनि समुदायमा बालविवाहका घटनालाई मलजल गरेको छ। युनिसेफले सन् २०१३ मा गरेको एक अध्ययन अनुसार बालविवाहका तीन प्रमुख कारणहरूमा सामाजिक दवाव, सांस्कृतिक प्रचलन र बालविवाहलाई सामान्य रूपमा लिने प्रवृत्तिलाई औंल्याइएको छ।[५] नेपालको सहस्राब्दी विकास लक्ष्य प्रगति प्रतिवेदन २०१३ अनुसार पनि नेपालमा सहस्राब्दी विकास लक्ष्य हासिल नहुनुमा बालविवाहलाई एक कारकको रूपमा उल्लेख गरेको छ। समग्रमा बालविवाह हुने कारक तत्त्वलाई बुँदागत रूपमा यसरी भन्न सकिन्छ।

- लैङ्गिक असमानता
- यौनिकतासम्बन्धी रूढीगत मान्यता वा विचार
- कानूनको कमजोर कार्यान्वयन
- दाइजो लगायत अन्य गलत सामाजिक प्रथा वा परम्परा
- न्यून शैक्षिक तथा चेतनाको स्तर
- अभिभावक र समाजको दवाव

[५] UNICEF.Ending Child Marriage: Progress and Prospects, 2013, New York.

- गरिबी

ग. **बालविवाहसम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन नहुनु दण्डहीनताले प्रश्रय पाई बालविवाह भई रहनुः** बालविवाहसम्बन्धी कसूरमा कमी नआउनुमा दण्डहीनता एक कारक तत्वको रूपमा रहेको छ। बालविवाह दण्डनीय अपराध भए तापनि समाजमा बालविवाह दण्डनीय अपराध हो भन्ने कुराले अझै व्यवहारिक मान्यता पाउनै सकेको छैन। बालविवाहमा दोषी पाइएका र जिम्मेवार व्यक्तिहरूलाई बिरलै दण्डको भागीदार बनाउने गरिएको छ। समाजमा व्याप्त रहेको लैङ्गिक असमानता तथा छोरीहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने तथा छोरीलाई पराइको सम्पत्तिको रूपमा लिने प्रवृत्तिले पनि बालविवाहले प्रश्रय पाएको छ। सरकारले युवासम्बन्धी गरेको सर्वेक्षणले[६] २० वर्षभन्दा कम उमेरमा विहे गरेका अधिकांश महिलाले घरपरिवारको दवाव र परम्परागत मान्यताले गर्दा सो गर्नु परेको कुरा उल्लेख गरेको छ।[७]

## २.४ बालविवाहबाट हुने मानव अधिकार उल्लङ्घन

बालविवाहले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी महासन्धिहरूले प्रत्याभूत गरेका मानव अधिकार र नेपालको संविधानले सुरक्षण गरेका मौलिक हकको उल्लङ्घन गर्दछ। विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटा मात्रै

---

६ National Adolescents and Youth Survey 2011

७ http://www.mohp.gov.np/english/files/new_publications/Nepal%20Adolescent%20and%20Youth%20Survey-2068.pdf

अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवन चक्रका थुप्रै श्रृखलाबद्ध रूपमा अधिकार उल्लङ्घन गर्दछ। ती उल्लङ्घनहरू यस प्रकार छन्।

| |
|---|
| **नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरूलाई दृष्टिगत गर्दा बालविवाहको कारणबाट बालिकाहरूको देहायका मौलिक हक हनन्/उल्लङ्घन हुन्छन्।** |
| **सम्मानपूर्वक बाँच्न पाउने हक- धारा (१६)(१)** <br> बालविवाहबाट बालिकाहरू सानै उमेरमा गभर्वती हुन सक्ने र हिंसा लगायतका जोखिममा पर्न सक्ने हुनाले यसले उनीहरूको सम्माजनक बाँच्न पाउने अधिकार उल्लङ्घन हुन्छ। नेपालमा करीब ५ मध्ये १ महिलाले १८ वर्ष अगावै सन्तानलाई जन्म दिईसकेका हुन्छन्।[८] २० वर्ष मुनिका गर्भवती महिलाहरू तीन गुणा बढी मातृ मृत्युको जोखिममा हुन्छन्। |
| **स्वतन्त्रताको हक - धारा (१७)** <br> बालविवाह बालिकाको इच्छा विपरित वा स्वतन्त्र सहमति बिना आमाबाबुको दवावमा कम उमेरमा विवाह हुने गर्दछ। सन् २०११ को युवासम्बन्धी सर्वेक्षणले[९] २० वर्षभन्दा कम उमेरमा विहे गरेका अधिकांश महिलाले घरपरिवारको दवाव र परम्परागत मान्यताले गर्दा विवाह गर्नु परेको कुरा उल्लेख गरेको छ। त्यसैगरी सन् २०१२ को एक अध्ययनले देखाए अनुसार ६७. १ प्रतिशत बालिकाको विवाह आमाबाबुको दवाबमा हुने गरेको पाइन्छ।[१०] |
| **समानताको हक - धारा (१८)** <br> बालकको तुलनामा बालिकाहरू बालविवाहको बढी जोखिममा पर्ने |

[८] नेपाल जनसांख्यिकी तथा स्वास्थ्य सर्वेक्षण, २०१६

[९] National Adolescents and Youth Survey 2011

[१०] SOLID, Nepal for Plan Nepal 2012

| |
|---|
| गरेको तथा शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरूको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ। बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ मा उल्लेख भए अनुसार एउटै उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको छ भने यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा हुने गरेको छ। त्यसै गरी २०१२ को एक अध्ययनमा १८ प्रतिशत बालकको तुलनामा ८२ प्रतिशत बालिकाको बालविवाह हुने गरेको देखिएको छ।[११] बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ मा उल्लेख भए अनुसार शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरूको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छः- जस्तै ग्रामीण क्षेत्रमा बसोवास गर्नेमध्ये ४३ प्रतिशत र शहरमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै बिहे गरेको देखिएको छ। |
| **शिक्षासम्बन्धी हक - धारा (३१)**<br>बालविवाहको कारणले बालिकाहरूले विद्यालय छोड्ने गरेको पाइन्छ। १५ देखि १९ वर्षको करीब २७ प्रतिशत बालिकाहरूले विद्यालय छोड्ने गरेको अध्ययनले देखाएको छ।[१२] |
| **स्वास्थ्यको अधिकार धारा (३५) र सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक - धारा (३८) (२)**<br>बालविवाहको कारण सानै उमेरमा हुने गर्भधारणले स्वास्थ्यमा |

[११] SOLID, Nepal for Plan Nepal 2012

[१२] National Adolescent and Youth Survey, 2011

नकारात्मक असर परिरहेको पाइन्छ। नेपाल जनसांख्यिकी तथा स्वास्थ्य सर्वेक्षण, २०१६ का अनुसार १५ देखि १९ वर्ष सम्मका विवाह गर्ने किशोरीहरूमा १५ प्रतिशतले मात्र गर्भनिरोधको साधन प्रयोग गरेको पाइन्छ र करीब ५ मध्ये १ महिलाले १८ वर्ष अगावै सन्तानलाई जन्म दिइसकेका हुन्छन्। नेपालमा कम उमेरमा विवाह र गर्भधारणले गर्दा महिला पाठेघरसम्बन्धी समस्यावाट पीडित भएको महिलाहरूले औसत २६.८ वर्षदेखि तेस्रो पटक गर्भवती भई पाठेघरको समस्या भोगेको र प्रत्येक वर्ष २०० देखि ४०० महिला प्रसुती नाल्वरण (Obstetric Fistula) बाट पीडित भएको UNFPA को अध्ययनले देखाएको छ।

**महिला हिंसा विरुद्धको हक - धारा (३८)(३)**

बालविवाहका कारणले बालिकाहरू शारीरिक, मानसिक, यौनिक र घरेलु हिंसाको बढी जोखिममा पर्ने देखिन्छ। यौनिक हिंसा भोग्नेमध्ये ८० प्रतिशत महिलाले आफ्नो श्रीमानबाट पीडित हुने बताएका पाइन्छ त्यसैगरी १५-४९ वर्षका किशोरी तथा महिलाहरू मध्ये एक चौथाई २६ प्रतिशतले शारीरिक हिंसा भोगेको पाइन्छ।[१३]

**बालबालिकाको हक - धारा (३९)**

बालविवाह धारा (३९) (५) को उल्लङ्घन हो र साथै बालविवाहको कारणले बालिकाहरू घरेलु बालश्रमको बढी जोखिममा पर्ने हुन्छ। ४५.२ प्रतिशत पुरुषहरूले घरको कामकाजमा सघाउनको लागि बिहे गर्ने गरेको एक अध्ययनले देखाएको छ।[१४]

---

[१३] नेपाल जनसांख्यिकी तथा स्वास्थ्य सर्वेक्षण, २०१६

[१४] SOLID Nepal for Plan Nepal 2012

## २.५ बालबालिकासम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

### (क) संवैधानिक व्यवस्था

**बालबालिकाको हकः** नेपालको संविधानको धारा (३९) (५) ले बालविवाह लगायतका लैङ्गिक विभेद र हिंसाको अन्त्यका लागि महत्त्वपूर्ण कानूनी आधार प्रदान गरेको छ। सबैभन्दा महत्त्वपूर्ण कुरा संविधानले पहिलो पटक बालविवाहलाई स्पष्टतः निषेध गरेको छ। कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी बालविवाहलाई मूल कानूनद्वारा नै निषेध गरेको छ। यसरी बालविवाह लगायत बालबालिका विरुद्धका कार्यहरू कानूनबमोजिम दण्डनीय हुने संवैधानिक व्यवस्था गरेको छ। बालविवाह लगायतका दण्डनीय कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ।

धारा (३९) मा का प्रावधानहरू मध्ये देहायका प्रावधानहरू महत्त्वपूर्ण छन्ः

- पहिचानसहित नामकरण र जन्म दर्ताको अधिकार,
- परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको अधिकार,
- प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको अधिकार,
- कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण कामबाट संरक्षित हुने अधिकार,
- साँस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा

अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोगबाट संरक्षणको अधिकार,

- घर, विद्यालय वा अन्य जुनसुकै स्थानर अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातनाबाट संरक्षण प्राप्त गर्ने अधिकार,
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको अधिकार।

**महिलाको हकः** संविधानको धारा (३८) मा उल्लेख गरिएको महिलाको हक पनि बालविवाहका सम्बन्धमा आकर्षित हुने महत्त्वपूर्ण हक हो। यस धाराअन्तर्गत प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक संरक्षित गरिएको छ। त्यसैगरी सो धाराले धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा महिला विरुद्ध शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणलाई निषेध गरिएको छ। त्यस्ता निषेधित कार्य दण्डनीय हुने घोषणा गरिएको छ। कानूनबमोजिम पीडितले क्षतिपूर्ति पाउने हक सुरक्षित गरिएको छ। क्षतिपूर्तिको हकलाई पीडकमा मात्रै सीमित नराखी खुला छोडिएको छ। यसबाट क्षतिपूर्ति सम्बन्धमा राज्यको समेत जिम्मेवारी रहने कुरालाई जोड दिएको छ।

**शोषण विरुद्धको हकः** बालविवाहलाई माध्यम बनाएर बालिकाको शारीरिक तथा मानसिक र यौनलगायत अन्य शोषण गर्ने प्रचलनको सन्दर्भमा धारा (२९) ले गरेको शोषण विरुद्धको प्रत्याभूतिलाई पनि उपयोगी मान्न सकिन्छ। यस अन्तर्गत प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने उल्लेख गर्दै धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनैपनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्ने कार्यलाई निषेध गरिएको छ। त्यसैगरी कसैलाई पनि बेचबिखन गर्न,

दास वा बाँधा बनाउन नपाइने व्यवस्था गरेको छ। यसअन्तर्गत निषेधित शोषणजन्य कार्य दण्डनीय हुने र पीडितले पीडकबाट क्षतिपूर्ति पाउने हक हुने व्यवस्था पनि  गरिएको छ।

**समानता र भेदभाव विरूद्धको हकः** उपरोक्त प्रत्याभूति बाहेक धारा (१८) अन्तर्गतको समानता र भेदभाव विरूद्धको संवैधानिक प्रत्याभूति पनि महत्त्वपूर्ण रहेको छ। यस अन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरिएको छ। सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने कुरालाई सुनिश्चित  गरिएको छ। महिला, बालबालिका तथा लैङ्गिक र यौनिक अल्पसंख्यक लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि राज्यले कानूनबमोजिम विशेष व्यवस्था गर्न सक्ने व्यवस्था पनि संविधानले गरेको छ। यस अन्तर्गत बालविवाह लगायतका हिंसाजन्य क्रियाकलापको रोकथाम तथा नियन्त्रण गर्न एवम् पीडितलाई न्याय दिलाउन राज्यले कानून बनाएर आवश्यक उपायको अवलम्बनगर्न सक्ने व्यवस्था गरेको छ।

**सम्मानपूर्वक बाँच्न पाउने हकः** संविधानको धारा (१६) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको छ। बालविवाह आफैंमा सम्मानजनक जीवनयापनमा बाधकको रूपमा रहेको छ। यसलाई अन्त्य नगरिकन बालबालिकाहरूले सम्मानपूर्वक बाँच्न सक्ने अवस्थाको सृजना हुन सक्तैन। यस अधिकारको व्यवहारिक उपभोगको

लागि पनि राज्यले बालविवाहको उन्मूलनका आवश्यक उपायहरूको अबलम्बन गर्नु संवैधानिक दायित्वको विषय बनेको छ।

**(ख) अन्य कानूनहरू**

**(अ) बालबालिकासम्बन्धी ऐन, २०७५**

यो ऐनले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने उद्देश्यले बनेको विशिष्टिकृत कानून हो। यस कानूनमा बालविवाहको रोकथामको लागि अभिभावक र राज्यका लागि सृजना गरिएका कतिपय महत्त्वपूर्ण दायित्वहरू उल्लेख छन्। यस ऐनको दफा २ (ञ) ले १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिकाको रूपमा परिभाषित गरेको छ।

यस ऐनमा बालबालिकाको अधिकार, बालबालिका प्रतिको दायित्व, बाल न्यायसम्बन्धी, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, बाल अधिकार तथा बाल कल्याणसम्बन्धी संस्थागत व्यवस्था, बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन, बालबालिका विरूद्धको कसूर, सजाय, क्षतिपूर्ति तथा मुद्दा हेर्ने अधिकारी आदिको व्यवस्था गरेको छ। यसै गरी ऐनको परिच्छेद ८ दफा ६६ मा बालबालिका विरूद्धको कसूर र सोसम्बन्धी कानूनीको व्यवस्था गरेको छ। ऐनको दफा ६६ २(ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरूद्धको कसूर मानेको छ। विशेषत यस ऐनले बालबालिकाको अधिकार, दिशान्तर तथा पुनस्थापकीय न्यायका बारेमा बढी महत्त्व दिएको पाइन्छ।

**(आ) बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६**

बालबालिकासम्बन्धी ऐन, २०४८ कार्यान्वयनका सम्बन्धमा बालबालिकासम्बन्धी नियमावली, २०५१ र बाल न्याय (कार्यविधि),

२०६३ जारी भएका थिए। तर बालबालिकासम्बन्धी ऐन, २०४८ बालबालिकासम्बन्धी महासन्धि, १९८९ को प्रावधान र सो सन्धिको उद्देश्य र भावना अनुरूप नभएकोले महासन्धिका आधारभूत व्यवस्थालाई सम्बोधन गर्ने उद्देश्यले बालबालिकासम्बन्धी ऐन, २०७५ भरखरै जारी गरिएको छ। उक्त ऐनको प्रभावकारी कार्यान्वयनका लागि बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ जारी गरिएको छ।

यस नियमावलीको नियम ३७ मा उमेर कायम गर्ने सम्बन्धमा दुविधा कायमै भएमा जिल्ला स्थित सरकारी वा उमेर परीक्षण गर्ने सुविधा भएको अस्पतालमा गराउन सकिने व्यवस्था गरिएको छ।

दिशान्तरका सन्दर्भमा तीन वटै निकायबाट दिशान्तर गर्न सक्ने व्यवस्था गरिएको छ भने यस नियमावलीमा प्रोवेशन अधिकारीको नियुक्ति काम कर्तव्य र अधिकारको बारेमा स्पष्ट उल्लेख गरिएको छ। यस नियमावलीको नियम १३ देखि १७ सम्म समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता नियुक्ति पदावधि र निजहरूलाई हटाउने प्रक्रिया पनि उल्लेख गरिएको छ।

**(इ) बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०७५**

देशमा रहेको बालविवाह जस्ता कुप्रथाहरूको अन्त्य गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने खर्च सम्बन्धी नमूना कार्यविधि, २०७५ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जारी गरेको हो। यस कार्यविधिको उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

- आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- बालविवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने
- बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर– किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने।
- बालविवाह अन्त्यका लागि संचालित कार्यक्रमहरूको प्रभावकारी रूपमा अनुगमन तथा मूल्यांकन गर्ने।

बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरू, बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका बालबालिकाहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम, बालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरणसमेतको उचित व्यवस्थापनका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिमहरू सञ्चालन गरिने व्यवस्था गरिएको छ। बालविवाह तथा बालबालिकामाथि हुने हिंसाका व्यवस्थापन सम्बन्धी गरेका कार्यक्रमहरूको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा तयार गरी स्थानीय तहले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गर्नु पर्दछ। बालविबाह

अन्त्यका लागि राष्ट्रिय रणनीतिको आधारमा बालविवाह तथा बालबालिकामाथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख गरिएको छ।

**(ग) बालविवाह निषेध गर्ने कानूनहरू**

**(अ) मुलुकी देवानी संहिता, २०७४**

देवानी संहितामा पनि बालविवाहसम्बन्धी प्रावधानहरू रहेका छन्। संहिताले विवाह गर्न पाउने प्रत्येक व्यक्तिको स्वतन्त्रतालाई मान्यता प्रदान गरेको छ। संहिताले विवाहलाई स्वतन्त्र सहमतिमा गरिएको एक पवित्र सामाजिक एवम् कानूनी बन्धनको रूपमा परिभाषित गर्दै विवाहलाई सार्वजनिक गर्नुपर्ने उल्लेख गरेको छ।

- **नाबालक भन्नाले**ः १८ वर्ष उमेर पूरा नगरेको बालबालिकालाई नाबालक सम्झनु पर्ने। **दफा २ (ङ)**
- **सक्षमता प्राप्त गर्नेः** (१) अठार वर्ष उमेर पूरा भएको प्रत्येक व्यक्ति बालिग भएको मानिने र सोही हैसियतमा निज कानूनी रूपमा सक्षम भएको मानिने। **दफा ३२**
- **विवाह गर्ने स्वतन्त्रताः** (१) प्रत्येक व्यक्तिलाई कानूनको अधिनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा जीवनयापन गर्ने स्वतन्त्रता हुने। **दफा ६९**
- **विवाह हुन सक्नेः** (क) पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रुपमा स्वीकार गर्न मञ्जुर गरेमा,
  (ख) कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा,

(ग) पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा

(घ) बीस वर्ष उमेर पूरा भएमा। **दफा ७०**

- **विवाह बदर हुनेः** (क) पुरूष वा महिलाको मञ्जुरी नभई भएको विवाह स्वत बदर हुने। **दफा ७२**

  (ग) दफा ७० को उपदफा (१) को खण्ड (घ) विपरित भएको विवाह। **दफा ७२**

**(आ) मुलुकी अपराध संहिता, २०७४**

मुलुकी अपराध संहिता, २०७४ को भाग २ परिच्छेद ११ मा विवाहसम्बन्धी कसूरको बारेमा उल्लेख गरिएको छ। उक्त संहितमा बालविवाह गर्न नहुने र विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष पुगेको हुनुपर्ने व्यवस्था गरिएको छ। यदि विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष उमेर नपुगी र विवाह भएमा त्यस्तो विवाह स्वतः बदर हुने व्यवस्था रहेको छ। बीस वर्ष उमेर नपुगी कसैले विवाह गरेमा वा गराएमा उक्त कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ।

- **बालविवाह गर्न नहुनेः** (१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन।

  (२) उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ।

  (३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ। **दफा १७३**

यस संहिताले बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को मापदण्ड अनुसार नै १८ वर्षभन्दा मुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। संहिताको दफा १७१(१), (२) अनुसार केटा वा

केटीको मञ्जुरी नभइकन विवाह गर्न वा गराउन नहुने र त्यस्तो मञ्जुरी वा सहमति बेगर  गरिएको विवाह बदर हुनेछ भनी उल्लेख गरेको छ।

## २.६ बालबिवाहसम्बन्धी कानूनको प्रभावकारीता र कसूरको सम्बन्धमा सर्वोच्च अदालतबाट भएका न्यायिक दृष्टिकोण

सर्वोच्च अदालतले बालविवाह कसूरका सम्बन्धमा केही न्यायिक दृष्टिकोण प्रतिपादन गरेको छ। केहि प्रतिनिधि न्यायिक दृष्टिकोण वा सिद्धान्तको प्रतिपादन यस प्रकार छन्।

**क. महिला कानून र विकास मञ्च एवम् अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेत**[१५]

यस मुद्दामा सर्वोच्च अदालतले बालविवाह कानूनको कमजोर कार्यान्वयनका साथसाथै बालकहरूभन्दा बालिकाहरूको लागि विवाहको कम न्युनतम कानूनी उमेरले भेदभाव गरेको ठहर्छ भन्दै कानूनमा आवश्यक संशोधन गर्न सरकारलाई आदेश दिएको। दण्डनीय अपराध हुँदा हुँदै पनि बालविवाहका घटनाहरूको व्यापकता प्रति अदालतको ध्यानाकर्षण भई बालविवाहको घटनाको अनुपातमा आरोपित पीडकहरूलाई अभियोजन गर्ने कार्य साह्रै न्यून रहेको बिषयलाई गम्भीर रूपमा लिंदै बालविवाह विरुद्धको विद्यमान कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशनात्मक आदेश जारी गर्‍यो।

[१५] ने.का.प. २०६३, अंक ३, पृ. २८७, नि नं. ७६५९, २०६३ असार २९ गते

**ख. जनहित संरक्षण मञ्च (प्रो-पब्लिक) एवम् अधिवक्ता रमा पन्त खरेल विरुद्ध नेपाल सरकार २०६३ रिट नं WS-१२८**[१६]

यस रिटमा सर्वोच्च अदालतले मुलुकी ऐन विहावरीको महलको २ नं. मा उल्लेखित संरक्षकको मन्जुरी नभएमा २० वर्ष नपुगी विवाह गर्न नहुने र सोही नं. को ९ मा १८ वर्ष उमेर नपुगी विवाह भएकोले १८ वर्ष उमेर पुगेपछि मन्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ भन्ने कानूनी व्यवस्थाले विवाहका सन्दर्भमा पक्षले स्वतन्त्र सहमति जनाउने उमेरमा भिन्नता भएकोले ती कानूनहरूमा सामञ्जस्यता ल्याउने गरी कानून संशोधन गर्न सर्वोच्च अदालतले आदेश जारी गर्यो। साथै नेपालमा बालविवाह भैरहेको देखिन आएको र बालबालिकाको सर्वोतोमुखी हित हेर्ने कर्तव्य तोकेका पक्ष नै बालविवाह गर्न संलग्न भई सो कार्य गर्ने गराउने भएकोले बालविवाहका सम्बन्धमा सो कार्य रोक्न सरकारले त्यसतर्फ ध्यान दिनु अति जरुरी भएकोले तत्सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्न गराउनु भनी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको छ।

## २.७ बाल बिवाहसम्बन्धी कसूरको सन्दर्भमा अन्तर्राष्ट्रिय तथा क्षेत्रिय नविनतम् न्यायिक दृष्टिकोण

**क. सामाजिक न्याय र अनुसन्धान संघ (Association for Social Justice and Research) विरुद्ध भारत (दिल्ली उच्च अदालत, २०१०):**[१७]

भारतमा दिल्ली उच्च अदालतले पनि बालविवाह र लैङ्गिक असमानता बीचको अन्तरसम्बन्धलाई स्वीकार गर्दै बालविवाहको सम्बन्ध

---

[१६] निर्णय मिति २०६३ माघ ११ गते

[१७] सेन्टर फर रिप्रोडक्टिभ राईट्स दक्षिण एशियामा बालविवाह दण्डहीनताको अन्त्य गरौं, पृ २४, २४ बाट उद्धृत

विशिष्ट रूपमा बालिकाहरूसँग रहेको छ र यसले उनीहरूलाई लैङ्गिक असमानता, अस्वस्थता र गरिबीको दुष्चक्र (Unrelenting Cycle of Gender Inequality")[१८] घरेलु हिंसा, यौनजन्य हिंसा तथा सामाजिक isolation तर्फ उन्मुख गराउँछ भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ। प्रस्तुत मुद्दा ४० वर्षको व्यक्तिसँग विवाह भएकी उमेर नपुगेकी एक बालिकाको खोजी गर्नुपर्ने विषय रहेको बन्दी प्रत्यक्षीकरणको थियो। अदालतले शिक्षामा रहेका बाधा अवरोधहरू तथा प्रजनन् तथा यौन स्वास्थ्यसम्बन्धी सांस्कृतिक मौनताको कारणले गर्दा विवाहित बालिकाहरूलाई स्वास्थ्य, यौन सम्बन्ध र परिवार नियोजनका बारेमा सूसुचित निर्णय गर्ने सक्षमता इन्कार गरिन्छ भन्ने पनि उल्लेख गर्‍यो।[१९] तर यसमा सो अदालतले बालविवाहका कारण बालिकाको अधिकारमा पर्ने असर र त्यसबाट बालिकामा पर्ने व्यापक हानि नोक्सानीलाई गहिरो रूपमा विश्लेषण गरेको पाइन्छ। साथै अदालतले बालविवाहको कारण बालिकाउपर असमानुपातिक रूपमा बढी असर पर्ने कुरामा जोड दिँदै विवाह गरी सन्तान जन्माएका बालिकाहरूले निर्णय क्षमता गुमाउने र जीवनमा उनीहरूले खोज्न सक्ने विकल्पहरू ज्यादै कम हुने कुरा औंल्याएको छ। सानै उमेरमा हुने यौन सम्पर्क र गर्भधारण तथा एड्ससमेतले बालविवाहको कारण बालिकाहरूलाई बढी स्वास्थ्य

---

[१८] Association for Social Justice & Research [ASJR] v. Union of India & Others, W.P. (CRL) 535 of 2010, Del. H.C., May 2010; Court on Its Own Motion Lajja Devi v. State, W.P. (CRL) 338 of 2008, Del. H.C., July 2012.

[१९] Association for Social Justice & Research [ASJR] v. Union of India & Others, W.P. (CRL) 535 of 2010, Del. H.C., May 2010; Court on Its Own Motion Lajja Devi v. State, W.P. (CRL) 338 of 2008, Del. H.C., July 2012.

जोखिममा पार्दछ। मातृ मृत्युका अतिरिक्त धेरै रक्तस्राव हुने, संक्रमण हुने, रक्तअल्पता हुने, एक्लाम्सिया, सन्तान जन्माउन कठिन हुने र प्रसूति नालव्रण (अब्स्ट्रेक्टिक फिस्टुला) जस्ता गर्भसम्बन्धी जटिलता सिर्जना हुने कुरामा अदालतले जोड दिएको छ। साथै बालविवाहले बालिकालाई शिक्षा र सार्थक कामबाट वञ्चित गराउँछ र यसले गरिबीलाई निरन्तरता दिन्छ भन्ने कुरामा अदालतले जोड दिएको छ। यसका अतिरिक्त अदालतले चाँडै विवाह गरी बाल दुलहीका रूपमा पारिवारिक जीवनमा प्रवेश गर्ने महिलाहरूलाई उनीहरूको घरभित्रका मानिसले घरेलुदासका रूपमा व्यवहार गर्ने पाइएको जनाएको छ।

**ख. एम मोहम्मद अब्बास विरूद्ध मुख्य सचिव[२०]**

यस मुद्दामा मद्रास उच्च अदालतले पनि यसैगरी बालविवाह अविभेद तथा अवसरहरूको समानताको संवैधानिक संरक्षणको उल्लङ्घन हो भन्ने स्वीकार गरेको छ। यो निर्णयले १८ वर्षलाई बालिकाहरूको लागि विवाहको न्युनतम कानूनी उमेर स्थापित गर्ने बालविवाह निषेध गर्ने ऐन (The Prohibition of Child Marriage Act, 2006) ले संविधानको धारा (२५) (धर्मको स्वतन्त्रता) को उल्लङ्घन नै नगरी व्यक्तिगत कानूनहरूलाई विस्थापित गर्दछ भन्ने पुष्टि गरेको थियो। यो फैसलाले सिड, मौलिक हकहरू तथा राज्य नीतिका निर्देशक सिद्धान्तहरू अन्तर्गत बालिकाहरूको सशक्तीकरण गरिनु पर्दछ र बालविवाह बालिकाहरूको हितमा छैन भन्ने कुरामा पनि विशेष जोड दिएको छ।[२१] अदालतले (The Prohibition of Child Marriage Act, 2006) संविधानका धाराहरू (१४), (१५), (१६) र (२१) अन्तर्गत प्रत्याभूति दिइएबमोजिम उचित शिक्षा र

[२०] Mohammed Abbas v. Chief Secretary, W.P. (MD) 3133 of 2015, H.C. Mad., 31 March 2015.
[२१] Mohammed Abbas v. Chief Secretary, W.P. (MD) 3133 of 2015, H.C. Mad., 31 March 2015.

समाजमा पुरुषहरू सरहको समान हैसियत प्राप्त गर्ने सम्पूर्ण बालिकाहरूको पक्षमा छ भन्ने पनि उल्लेख गऱ्यो।[२२]

**ग. इन्डिपेन्डेन्ट थट्स विरूद्ध युनियन अफ इन्डियासमेत[२३]**

भारतीय सर्वोच्च अदालतले Independent Thought vs Union of India समेत भएको रिट निवेदनमा बालविवाह गरी बालिकाउपर हुने करणीलाई जवरजस्ती करणीको परिभाषाभित्र पर्ने गरी व्याख्या गरेको छ। आदेशमा भनिएको छः बालविवाहमा सहमति बिना गरिएको शारीरिक सम्पर्क पनि जबरजस्ती करणी हो।

बालिकाको इच्छा बेगर वा उसको मञ्जुरीबिना उसको श्रीमानले शारीरिक सम्बन्ध राख्न बल वा जबरजस्ती गरेमा सो कार्यले निजको संविधानले प्रदत्त गरेको स्वतन्त्रता वा सम्मानपूर्वक बाँच्न पाउने मानव अधिकारको उल्लंघन गरेसरह हुनेछ।

बालविवाहलाई कानूनी रुपमा निषेध गरिए तापनि भारतको अपराध संहिताको दफा ३७५ मा भएको अपवाद २ को रुपमा १५ देखि १८ वर्षकी केटीको श्रीमानले सहमति विना गरेको करणी जबरजस्ती मानिने छैन भन्ने रहेको व्यवस्थाको व्याख्या गर्दै बालविवाहमा सहमति बिनाको शारीरिक सम्बन्ध जबरजस्ती करणी हो भनेको छ। भारतको बालविवाह निषेध गर्ने ऐन, २००६ को दफा २ र ३ ले विवाहका लागि न्यूनतम १८ वर्ष निर्धारण गरी बालविवाह त्यसरी बालविवाह गर्ने महिलाको निवेदनमा बदरयोग्य विवाह हुने व्यवस्था गरेको छ।

---

[२२] Mohammed Abbas v. Chief Secretary, W.P. (MD) 3133 of 2015, H.C. Mad., 31 March 2015.

[२३] Independent Thought vs Union of India and Another https://indiankanoon.org/doc/87705010

बालविवाह र वैवाहिक जबरजस्ती करणीले एउटा महिलाको संवैधानिक र मानव अधिकारको उल्लंघन गर्दछ। सर्वोच्च अदालतले प्रस्ट रूपमा बालविवाहमा जबरजस्ती करणीले बालिकाहरुको शारीरिक निष्ठा र प्रजनन् इच्छामाथि आक्रमण गर्ने र उनीहरुलाई साम्मानपूर्वक बाँच्न नदिने कुरामा जोड दिएको छ। यस फैसलाले कानुनी संरचनाको एक रुपताको लागि आह्वान गरेको र केही अष्पस्ट कुराहरुलाई पनि प्रष्ट पारेको छ।

- बालविवाह निषेध गर्ने ऐनले बालबालिकाको अधिकारको सम्बन्धमा धर्ममा आधारित बनेका निजी कानूनहरु (Personal laws) भन्दा प्राथमिकता पाउने,
- सरकारलले बालविवाह सम्बन्धी कानून सशक्तिकरण र कार्यान्वयन गर्नुपर्ने,
- जबरजस्ती करणी वा बालविवाहलाई वैधानिकता दिने परम्परा रोक्नुपर्ने,

सर्वोच्च अदालतले बालविवाह संस्कृति र परम्परा हो भन्ने सरकारको भनाईलाई खण्डन गर्दै समय र परिस्थितिसँगै परम्परागत मान्यता पनि परिवर्तन हुनुपर्ने र संवैधानिक अनुसारले बालिकाहरुलाई हुने खतरा रोक्नुपर्ने भनिएको छ। अदालतले बालविवाह सम्बन्धी दण्डहीनता अन्त्य गर्न जोड दिएको छ।

**घ. प्रजनन स्वास्थ्य अधिकारको सम्बन्धमा सन्धि अनुगमन समितिहरुले नेपाललाई दिएका सुझावहरु**

बालविवाह बालिकाको स्वास्थ्य अधिकारमा गम्भीर ढङ्गले आघात पार्ने विषय भएको र यसबाट अन्ततः बालिकाको जीवनको अधिकार नै हनन् हुन जाने तथ्यलाई कसैले नकार्न सक्दैन। बालविवाहको कारणबाट वाध्यताबश कम उमेरमा नै प्रजनन् प्रक्रियामा डोरिनुपर्ने अवस्थाले

बालिका गर्भवती हुने, विभिन्न प्रकारका हिंसाका शिकार हुन सक्ने र निजको प्रजनन् स्वास्थ्यमा गम्भीर किसिमका समस्या उत्पन्न हुन सक्ने खतरा विद्यमान भएकाले यस्तो गैह्रकानूनी एवम् खराव अभ्यासको अन्त्यका लागि प्रयास गर्नुपर्ने कुरामा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समिति, महिला अधिकार सम्बन्धी महासन्धिको समिति र बाल अधिकार सम्बन्धी समितिले आफ्नो निष्कर्षकारी समीक्षा मार्फत पक्ष राष्ट्रहरुलाई निर्देशन दिने गरेका छन्।

**अ. राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र अन्तर्गतको नेपालको दोश्रो आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१४ मा मानव अधिकार समितिले दिएको निष्कर्ष सुझाव**

- यो समितिले नेपालमा रहेको पितृसत्तात्मक सोच र पुरातनवादी सोचले जीवनका हरेक तहमा महिला माथि हुने विभेद र विद्यमान गलत परम्पराहरू जस्तैः– बालविवाह, दाइजो प्रथा, छोराको महत्व, बोक्सीको आरोप र छाउपडी प्रथा रहेकोमा खेद प्रकट गरेको छ।
- लैङ्गिक समानता र अविभेदको सिद्धान्तमा आधारित कानून तथा नीतिको प्रभावकारी कार्यान्वयन गर्न, निर्णय निर्माण प्रक्रियामा महिलाको सहभागिता बढाउन, लैङ्गिक पूर्वाग्रही भूमिका हटाउन राज्य पक्षले आवश्यक कदम चाल्नु पर्दछ र प्रत्येक हानिकारक परम्परागत अभ्यासहरूलाई बन्देज गरी सोको प्रभावकारी कार्यान्वयनका लागि सबै आवश्यक तरिका अपनाउनु पर्दछ भनी सुझाव दिएको छ।

**आ. महिला अधिकार सम्बन्धी महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१८ मा महिला अधिकार सम्बन्धी महासन्धिको समिति दिएको निष्कर्ष सुझाव**

- शिक्षाको सबै तहमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, सानै उमेरमा हुने गर्भधारण रोकथामको लागि जिम्मेवार यौन व्यवहार र उपायहरू तथा यौन सम्पर्कबाट सर्ने संक्रमणसम्बन्धी जानकारी समावेश गरी उमेर सुहाँउदो र लैङ्गिक संवेदनशील, बृहत यौन शिक्षा सम्बन्धी पाठ्यक्रम तयार गर्ने र ती पाठ्यक्रम अध्यापन गराउन शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षण दिने;
- कुनै पनि अवस्थामा महिलालाई गर्भपतनको लागि दण्डनीय नहुने सुनिश्चित गर्न सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन संशोधन गर्नु, जसअन्तर्गत गर्भपतनसम्बन्धी हालको कानुनी व्यवस्था जसले जबर्जस्ती करणी, हाडनाता करणी, भ्रूणमा गम्भीर कमी कमजोरी र महिलाको जीवनमा खतरा पर्ने अवस्थाका साथसाथै गर्भवती महिलाको स्वास्थ्य खतरा हुने अवस्थालाई समेत कानुनी मान्यता प्रदान गर्नु र सुरक्षित गर्भपतन सेवा र स्वास्थ्य संस्था सम्बन्धी सचेतना अभिवद्धि गर्न पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु;
- विश्वव्यापी आवधिक पुनरावलोकनका बखत गरिएका प्रतिबद्धताहरूको मर्म अनुरुप हुने गरी ग्रामीण र दुर्गम क्षेत्र लगायतका सम्पूर्ण महिलाहरू र बालिकाहरूको उच्च गुणस्तरीय र उमेर सुहाँउदा यौनजन्य र प्रजनन स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न उपायहरू सुदृढ गर्ने र पर्याप्त स्रोत वितरण गर्ने;
- दलित, आदिवासी जनजाती महिला, अपाङ्गता भएका महिला, समलिङ्गी महिला, विलिङ्गी, परलिङ्गी महिला तथा अन्तरलिङ्गी व्यक्ति, यौन

व्यवसायमा संलग्न महिला र दुर्गम क्षेत्रका महिलाहरू विरुद्ध स्वास्थ्य सेवा प्रदायकहरूद्वारा भेदभाव अन्त्य गर्ने।

**इ. बाल अधिकार सम्बन्धी महासन्धि अन्तर्गतको नेपालको तेश्रोदेखि पाँचौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१६ मा बालअधिकार सम्बन्धी समितिले दिएको निष्कर्ष सुझाव**

- बालविवाह विरुद्ध राष्ट्रिय रणनीति, २०१६ लाई समितिले स्वागत गर्दछ।
- पक्ष राष्ट्रले हानिकारक प्रथाहरू उन्मुलन गर्न गरेको पहललाई यस समितिले स्वागत गर्दछ। तर, विशेषत किशोरीहरूलाई असर पार्ने अभ्यासहरू जस्तै महिनावारीको समयमा किशोरी र महिलालाई जबर्जस्ती एकान्तमा राखिने अभ्यास (छाउपडी) लगायत विभिन्न हानिकारक प्रथा निरन्तर बिद्यमान रहेकोमा समिति गम्भीर सरोकार व्यक्त गर्दछ।
- राज्य पक्षलाई बालिकाको शारीरिक, मानसिक स्वास्थ्यलाई असर पार्ने परम्परागत हानिकारक अभ्यासहरूलाई हटाउन सचेतना बढाउने कार्यक्रमहरू तथा त्यस्तो अभ्यासहरूलाई निषेध गर्ने कानून बनाउने तथा लागू गर्न आग्रह गर्दछ। उक्त सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा राज्य पक्षले अपांगता भएको बालिका, ग्रामीण क्षेत्रका बालिका र दलित बालिकालाई प्राथमिकता दिन सुभाव दिन्छ।
- समितिले संविधानमा भएको बालविवाह रोकथामको व्यवस्था, बालविवाह अन्त्यको लागि तत्काल स्वीकृति भएको रणनीति र बालविवाह अन्त्य गर्नका लागि पक्ष राष्ट्रको नेतृत्वमा दक्षिण

एशियामा क्षेत्रिय योजना २०१५–२०१८ स्वागत गर्दछ। पक्ष राष्ट्रले विवाहको लागि न्युनतम उमेर सिमा किशोर र किशोरीको २० वर्ष राखे तापनि, किशोरीहरूको बालविवाह अझै भइरहेको सरोकार व्यक्त गर्दछ र विवाहको लागि न्युनतम उमेर सिमा पक्ष राष्ट्रलाई लागू गर्न आग्रह गर्दछ।

- बालक र बालिकाको सर्वोत्तम हित अनुसार बालविवाह बदर गर्नका लागि अपराध संहिता र देवानी संहिताको मस्यौदामा बालविवाह सम्बन्धी विरोधाभाष कानूनहरूको समिक्षा गर्ने।
- सपना प्रधान मल्लसमेत विरुद्ध नेपाल सरकार, २०६२ को मुद्दामा सर्वोच्च अदालतको आदेश बमोजिम बालविवाहबाट किशोरीमाथि हुने शारीरिक तथा मानसिक असरका बारेमा चेतनामूलक कार्यक्रम गर्ने।
- बालविवाह बदर गर्न चाहने बालबालिका, खासगरी जसले उजुरी दिएको छ, त्यस्तो बालबालिकालाई सुरक्षा र सहायता स्थापित गर्ने।
- २०७२ को भूकम्पको असरले बालिकालाई बालविवाहका लागि जोखिममा पारेको सम्बन्धमा समीक्षा गर्ने र बालविवाहको बढ्दो खतरालाई सम्बोधन गर्ने उपायहरू कार्यान्वयन गर्न समीक्षाबाट आएका निस्कर्षहरूलाई प्रयोग गर्ने।
- समिति पक्ष राष्ट्रभरिका किशोर किशोरीमैत्री सेवा (जसमा गोप्य परामर्श र प्रजनन स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्दछ,) लाई स्वागत गर्दछ। तर समिति कम उमेरमा गर्भधारणको उच्च दर, गर्भनिरोधको कम प्रयोग दर र यौन संक्रमित रोग र एचआईभी जोखिम र सुरक्षित गर्भपतनको सम्बन्धमा रहेको न्यून जानकारीप्रति सरोकार व्यक्त गर्दछ।

- किशोर किशोरीको स्वास्थ्य र विकासको सन्दर्भमा समिति राज्य पक्षलाई किशोर किशोरीको लागि विस्तृत यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी नीति जारी गर्न र किशोर किशोरीलाई लक्षित गर्दै कम उमेरमा गर्भधारण र यौन संक्रमित रोगबाट बचावटलाई विशेष ध्यान दिदै अनिवार्य शैक्षिक पाठ्यक्रमभित्रको भागको रूपमा अर्थपूर्ण यौन र प्रजनन स्वास्थ्य शिक्षा सुनिश्चित गर्ने।

# भाग तीन

# बालविवाह र कम उमेरका व्यक्ति बीचको निषेधित विवाहमा कसूर पीडितसम्बन्धी व्यवस्थाहरू

## ३.१ कानूनको विवादमा परेका बालबालिकाले गरेको कसूर अर्थात् बालविवाह र कम उमेरका व्यक्तिहरू बीचको निषेधित विवाहसम्बन्धी कसूर र कानूनी व्यवस्था

हालै लागू भएको बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २(ञ) ले १८ वर्ष पूरा नगरेको व्यक्ति बालबालिका मानिने व्यवस्था गरेको छ। यस्तै व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को दफा २(ङ) ले पनि गरेको पाइन्छ। अतः नेपालको सन्दर्भमा कानूनको विवादमा परेका भन्नाले १८ वर्ष पूरा नगरेको जुनसुकै व्यक्तिले गरेको कानूनद्धारा निषेधित कार्यलाइ बुझिन्छ र त्यस्तो कसूरजन्य कार्य गर्ने बालबालिकालाई कानूनले तोकिएबमोजिम हुने सजायमा छुट दिने कानूनी व्यवस्था गरेको पाइन्छ।

विवाह पुरुष र महिला बिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हो।[२४] विवाह गर्न कानूनद्धारा निर्धारित केही शर्त पूरा गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेको छ। विवाह गर्न पहिलो शर्त भनेको केटा र केटीको बीचमा पति पत्नी हुन मञ्जुरी हुनुपर्ने, दोश्रो शर्त हाडनाताको सम्बन्ध हुन नहुने, तेश्रो शर्त दुवैको पहिले विवाह भएको हुन नहुने र चौथो तोकिएको न्यूनतम उमेर पूरा हुनुपर्ने कानूनी व्यवस्था रहेको छ।[२५] मुलुकी देवानी

---

[२४] मुलुकी देवानी संहिता, २०७४ को दफा ६८

[२५] ऐजन, दफा ७०

संहिता र अपराध संहितालाई सामञ्जस्य गर्न आएको ऐनले संसोधन गरी सकेको र बालविवाह दुवै संहितामा स्वतः बदर हुने व्यवस्था गरेको छ।

त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले बालविवाह गर्न नहुने भन्ने व्यवस्था अन्तर्गत विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न गराउन हुँदैन भन्दै सो विपरित भएको विवाह स्वतहः बदर हुने र त्यस्तो कसूर गर्नेलाई सरकारवादी फौजदारी कसूरको रूपमा अभियोग दायर गरी तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरीवाना हुने कानूनी व्यवस्था गरेको छ। अर्थात् मुलुकी अपराध संहिताको दफा १७३ ले १८ वर्षदेखि २० वर्षभित्रका केटा केटीबीचको विवाहलाई पनि बालविवाह नामकरण गरेको छ।

कानूनद्वारा निर्धारित उमेरको शर्त पूरा नगरी गरिने सवै विवाह बालविवाह नहुन सक्दछ। किनकी विवाह गर्नलाई २० वर्ष उमेर पूरा भएको हुनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था छ भने त्यसमध्ये बालविवाह हुन बालबालिकाको परिभाषा भित्र पर्ने १८ वर्ष पूरा नभएको केटा र केटी बीचको विवाह हुनु आवश्यक छ। अतः बालविवाहमा विवाह गर्ने दुबै पक्ष वा कुनै एक पक्ष नाबालक हुन जरुरी छ। यस्ता विवाह केटा केटीको मञ्जुरी सहमतिले हुन सक्दछ। त्यस्तै अभिभावक (बाबु, आमा, आफन्त, नातेदार) वा अन्य व्यक्ति वा विचौलियाको सहमति, मञ्जुरी वा दवावमा पनि हुन सक्दछ। त्यसैले यस्ता कसुरजन्य कार्यमा संलग्न व्यक्तिहरूको हैसियत अनुसार बालबालिकासम्बन्धी विशेष कानून र प्रचलित सामान्य कानूनसमेत आकर्षित हुन्छ।

## अठार र बीस वर्षबीचको व्यक्तिको विवाह बालविवाह हुने नहुने

**बालबालिकासम्बन्धी ऐन, २०७५** ले १८ वर्ष पूरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको पाइन्छ।[२६] यस्तै व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को दफा २(ङ) ले पनि गरेको पाइन्छ। यस्तै बालबालिकालाई बहन गराइने कसूर एवम् सजायको दायित्व सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ ले १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिका मानि कसूर र सजायको दायित्व वहन गराइने व्यवस्था गरेको छ।[२७] उल्लेखित व्यवस्था हेर्दा बालबालिकाको सन्दर्भमा संहिता लगायतका सामान्य कानूनमा रहेको उमेरको व्यवस्था नै बालबालिकासम्बन्धी विशेष ऐनले आत्मसात् गरेको हुँदा

[२६] बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ (ञ) "बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्दछ।

[२७] मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ बालबालिकालाई हुने सजायः (१) कानूनबमोजिम कसूर ठहरिने कुनै काम गर्ने व्यक्तिको उमेर यस्तो काम गर्दाका बखत दश वर्ष पुगेको रहेनछ भने निजलाई कुनै सजाय हुने छैन।
(२) दश वर्ष वा दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानूनबमोजिम जरिवाना हुने कुनै कसूर गरेकोमा जरिवाना नगरी निजलाई सम्झाई बुझाई गर्नु पर्नेछ र कैद हुने कसूर गरेमा कसूर हेरी छ महिनासम्म कैदको सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ।
(३) चौध वर्ष वा चौध वर्षभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको आधा सजाय हुनेछ।
(४) सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ।
(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएता पनि सोह्र वर्ष उमेर पुरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुदैन।

बालबालिकाको सन्दर्भमा बालबालिकासम्बन्धी ऐन, २०७५ ले निर्धारण गरेको उमेर हदलाई नै आधिकारिक मान्नु पर्ने हुन्छ। अर्थात् १८ वर्ष उमेर पूरा नगरेका व्यक्तिमात्र कानूनी रूपमा बालबालिका मानिन्छन् र सोही उमेर समुहका केटा केटीले गरेको विवाह मात्र बालविवाह मानिन्छ।

तर मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले विवाह गर्ने केटा केटीको उमेर १८ वर्ष देखि २० वर्ष भएमा पनि बालविवाह भन्ने नामकरण गरेको पाइन्छ। तर यो उमेर समूहका व्यक्तिलाई बालबालिका मानी सोही संहिताको दफा ४५ अनुसारको कसूर र सजायको दायरामा राख्न भने सकिने अवस्था देखिँदैन। नत यो उमेर समूहका व्यक्तिको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ नै आकर्षित हुने देखिन्छ। विवाह गर्ने केटा केटीको उमेर १८ देखि २० वर्ष बीचको भएमा त्यस्तो विवाहलाई पनि कसूरजन्य कार्य मानिने भएता पनि वास्तवमा यो बालविवाह नभै निषेधित विवाह भनेमा उपयुक्त हुने देखिन्छ। त्यसैले प्रस्तुत पुस्तिकामा यो समूहको कसूरजन्य कार्यलाई निषेधित विवाह भनि खुलाउन उपयुक्त ठानिएको छ।

***नोटः उल्लेखित कानूनी व्यवस्थाहरूको अध्ययनबाट हाम्रो सन्दर्भमा १८ वर्ष पूरा नगरेका बालबालिका बीचको विवाहलाई बालविवाह र १८ वर्षदेखि २० वर्ष उमेर पूरा नभएका व्यक्ति बीचको विवाहलाई निषेधित विवाह भन्नु उपजक्त हुने देखिन्छ।***

बालविवाहसम्बन्धी मुद्दामा ख्याल गर्नुपर्ने महत्त्वपूर्ण विषय के हो भने कुन उमेर हदसम्मका पक्षहरू भए भने सामान्य कानून (संहिताहरू) र बालबालिकासम्बन्धी ऐन, नियमावली र कार्यविधि लागू हुन्छ र कुन उमेर हदसम्मका पक्षहरू भए भने सामान्य कानून (संहिताहरू) मात्र लागू

हुन्छ भन्ने बुझ्नु आवश्यक छ। बालविवाह र निषेधित विवाहको प्रकृति र आकर्षित हुने फरक फरक कानूनी व्यवस्थाहरूलाई तलको तालिकाबाट स्पष्ट पार्ने प्रयास गरिएको छ जुन यस प्रकार छ।

**क. बालविवाहसम्बन्धी कसूरजन्य कार्य, आकर्षित हुने ऐन, नियमावली र कार्यविधि**

| **क्र.सं.** | **उमेर** | **आकर्षित हुने ऐन, नियमावली र कार्यविधि** |
|---|---|---|
| १. | १८ वर्ष उमेर पूरा नहुँदै (अर्थात् बालबालिका बीच) गरे गराएको विवाह "बालविवाह"<br><br>*(यदि बालबालिका विरुद्धसमेत अभियोग लगाउनु पर्ने भएमा)* | • बालबालिकासम्बन्धी ऐन, २०७५<br>• मुलुकी अपराध संहिता, २०७४<br>• मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४<br>• फौजदारी कार्यविधि नियमावली, २०७५<br>• फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४<br>• बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ |
| २ | १८ वर्ष पूरा गरेको तर २० वर्ष उमेर नपुग्दै गरे गराएको विवाह "निषेधित विवाह" | • मुलुकी अपराध संहिता, २०७४<br>• मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४<br>• मुलुकी देवानी संहिता, २०७४<br>• मुलुकी देवानी कार्यविधी संहिता, २०७४ |

| | | |
|---|---|---|
| | | • फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४<br>• फौजदारी कार्यविधि नियमावली, २०७५ |

**ख. बालविवाहका पीडित र प्रतिवादी**

बालविवाहमा पीडित कसलाई मान्ने र को विरुद्ध अभियोग लगाई मुद्दा दायर गर्ने भन्ने प्रश्न पनि एउटा जटिल प्रश्न छ। फौजदारी न्यायको सिद्धान्त र मान्यता अनुसार हेर्ने हो भने कसूरबाट शारीरिक वा भौतिक वा आर्थिक क्षति पुगेको प्राकृतिक व्यक्ति नै पीडित हो। हालै जारी भएको **अपराध पीडित संरक्षण ऐन, २०७५** को दफा २ (च), (ज), (झ) ले अपराध पीडितको परिभाषा अन्तर्गत क्रमशः द्वितीय स्तरको पीडित, प्रथम स्तरको पीडित र पारिवारिक पीडित भनी परिभाषा गरेको पाइन्छ। संक्षिप्त रूपमा भन्नु पर्दा पहिचान नखुलेको पीडित कसूरको प्रत्यक्ष परिणामस्वरूप मृत्यु भएको वा क्षति पुगेको व्यक्ति सम्झनुपर्ने र सो शब्दले कसूरमा संलग्न नरही मृत्यु भएको वा क्षति पुगेको व्यक्तिसमेत बुझाउने भन्ने व्यवस्था गरेको पाइन्छ।

| |
|---|
| **अपराध पीडित संरक्षण ऐन, २०७५** दफा २ (च), (ज), (झ) |

उल्लेखित परिभाषालाई आधार मानी हेर्ने हो भने कतिपय बालविवाहमा पीडित स्वयं बालबालिका नै हुने गर्दछन्। कतिपय बालविवाहमा बालबालिका निर्दोष र विवाह गराई दिने व्यक्ति तथा अभिभावक वा विचौलियाहरू नै मुख्य कसूरदार हुने गर्दछन्। त्यसैले बालविवाह भन्ने वित्तिकै दोषी बालबालिका हुन्छन् भन्ने धारणा बनाउनु पनि उचित हुँदैन। जस्तै कुनै बालविवाह यदि विवाह गर्ने केटा र केटीले अभिभावकको मञ्जुरी विना आफैं प्रेमको माध्यमबाट गरेका रहेछन् भने

त्यस्तो अवस्थामा निजहरू उपर अभियोग र मुद्दा सिर्जना हुन सक्दछ। यस्तो अवस्थामा को पीडित र को पीडक भन्ने मापदण्ड निर्धारण गर्न सहज छैन। बालविवाहमा कसूर गर्ने बालबालिका भए पनि निज बालबालिका नै पीडित हुन भन्ने मान्यता राखिनु बालबालिकाको सर्वोत्तम हितको दृष्टिकोणले उचित हुने देखिन्छ। त्यसैले उजुर गर्ने वा जाहेरी दिने पीडित र अभियोगमा विपक्षी बनाईने र मुद्दा चलाईने पक्ष पीडक भन्ने एकल मापदण्डको आधारमा धारणा बनाउने हो भने बालविवाहमा बालबालिकाको हकमा अन्याय पर्न सक्दछ। अतः बालविवाहको प्रकृति र कसूरजन्य कार्यमा संलग्न व्यक्ति को हुन सक्दछन्, निजहरूको दायित्व के हुन सक्दछ र के कस्तो कानून आकर्षित हुन्छन् भन्ने विषयमा निम्न तालिका पनि सान्दर्भिक हुने देखिन्छ।

## ग. बालविवाहसम्बन्धी कसूरको प्रकृति र सजाय (काल्पनिक घटनाको आधारमा)

| घटना | केटी | केटा | विवाहको कारण | विवाहको प्रकृति | कसूरमा संलग्नता | सम्बन्धित कानून र सजाय जरिवाना | विवाहको परिणाम |
|---|---|---|---|---|---|---|---|
| घटना १ | १६ वर्ष | १८ वर्ष | प्रेम विवाह | बालविवाह | विवाह गर्ने केटा केटी आफैं | **मुलुकी अपराध संहिता, २०७४ को दफा १७१** (३) बालविवाह गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको।<br><br>**बालबालिकासम्बन्धी ऐन, २०७५** | स्वतः बदर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बालबालिकासम्बन्धी ऐन अनुसार बालबालिकालाई जघन्य र गम्भीर कसूर बाहेक अन्य कसूरमा कैदको सजाय नगरिने।<br>प्रचलित कानूनबमोजिम हुने सजायमा बालबालिकालाई उमेरको आधारमा सजायमा छुट हुने। | |
| घटना २ | १६ वर्ष | १८ वर्ष | अभिभावक तथा अन्यको संलग्नतामा गराईएको | बालविवाह | विवाह गराउने अभिभावक वा अन्यको प्रत्यक्ष संलग्नता | मुलुकी अपराध संहिता, २०७४<br>**दफा २८** बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुनेः कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैले त्यस्तो कसूर गरे सरह सजाय हुनेछ।<br><br>**दफा १७१ (३)**<br>बालविवाह गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको।<br><br>**बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६६** को | स्वतः बदर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उपदफा २ कसैले बालबालिका उपर देहायको कुनै कार्य गरेमा बालकालिका विरुद्ध हिंसा गरेको मानिनेछः (ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने<br><br>**नोटः यो घटनामा मुद्दा बालविवाह भए तापनि कसूरजन्य कार्यमा उमेर पुगेका व्यक्तिको संलग्नता हुने हुँदा संहिता नै आकर्षित हुने।** | |
| घटना ३ | १८ वर्ष भन्दा बढी २० वर्ष भन्दा कम | १८ वर्ष भन्दा बढी २० वर्ष भन्दा कम | केटा केटीको मञ्जुरी विना | संहिताले बालविवाह भनेको तर बालबालिका सम्बन्धी ऐन आकर्षित नहुने हुँदा निषेधित विवाह भन्नु उपयुक्त हुने | अविभावकको प्रत्यक्ष संलग्नता | **मुलुकी अपराध संहिता, २०७४ को दफा १७१** (३) बालविवाह गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको।<br><br>**नोटः यो घटनामा विवाह गर्ने केटा केटीको सहमति बेगर अभिभावक तथा अन्य व्यक्तिको सहमतिले विवाह भएको हुँदा विवाह गर्ने** | स्वतः बदर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | **केटा केटी उपर अभियोग दायर हुन नसक्ने।**<br><br>**(तर यदि यो विवाह केटा केटीको मञ्जुरी वा सहमतिमा भएको अवस्थामा पनि निजहरूको उमेर बालबालिकासम्बन्धी ऐन, २०७५समेतले निर्धारण गरेको भन्दा बढी हुने हुँदा बालबालिकासम्बन्धी ऐन, आकर्षित हुन सक्दैन)** | |
| घटना ४ | १८ वर्ष भन्दा बढी २० वर्ष भन्दा कम | १८ वर्ष भन्दा बढी २० वर्ष भन्दा कम | केटा केटी बीचको प्रेम विवाह वा सहमतिले हुने विवाह | संहिताले बालविवाह भनेको तर बालबालिका सम्बन्धी ऐन, आकर्षित नहुने हुँदा निषेधित विवाह भन्नु उपयुक्त हुने | केटा केटीको स्वयं संलग्नता वा अविभावक वा अन्यसमेतको प्रत्यक्ष संलग्नता | **मुलुकी अपराध संहिता, २०७४ को दफा १७१ (३)**<br>बालविवाह गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको।<br><br>**नोटः विवाह गर्ने केटा केटीको उमेर बालबालिकासम्बन्धी ऐन, २०७५ समेतले निर्धारण गरेको भन्दा बढी भएको हुँदा बालबालिकासम्बन्धी ऐन आकर्षित नहुने तर विवाह गैर कानूनी हुने हुँदा संहिताले गरेको व्यवस्था अनुसार कसूरजन्य कार्यमा संलग्न भएका व्यक्तिहरू** | स्वतः बदर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | **उपर मुद्दा चल्न सक्ने।** | |
| घटना ५ | १९ वर्ष | १७ वर्ष | प्रेम विवाह (केटीको अभिभावक को असहमति) | बालविवाह | केटा केटी तथा विवाह गराउने अभिभावक तथा अन्यको प्रत्यक्ष संलग्नता | **मुलुकी अपराध संहिता, २०७४ को दफा १७१ (३)** बालविवाह गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको। **नोटः यो घटनामा प्रेम विवाह गर्ने केटा र केटी मध्ये एकजना बालबालिकाको दायरामा पर्ने र बालबालिकाको अभिभावकले अर्को पक्षउपर उजुर गरेको अवस्थामा विवाह गराउने उमेर पुगेको व्यक्ति उपर बालविवाहको अभियोग दायर हुन सक्दछ। मुद्दा बालविवाह भनिएता पनि बालबालिका उपर अभियोग दायर नहुने हुँदा प्रतिवादीहरू उपर बालबालिकासम्बन्धी ऐन आकर्षित नहुने।** | स्वतः बदर |
| | १७ वर्ष | १९ वर्ष | प्रेम विवाह (केटाको अभिभावक को असहमति) | | | | |

## ३.२ अपराध पीडितसम्बन्धी कानूनी व्यवस्थाहरू

कुनै पनि कसूरजन्य कार्य वा घटनाबाट कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शारीरिक, मानसिक वा आर्थिक क्षति पुग्न गएमा त्यस्तो व्यक्तिलाई अपराध पीडितको अवस्था मानिन्छ। कसूरजन्य कार्यमा बालबालिकाको संलग्नता वा कसूरजन्य कार्यबाट बालबालिका पीडित हुने अवस्था फौजदारी न्याय प्रणालीमा विशेष रूपमा लिने गरिन्छ। नेपाल कानूनले कसूरजन्य कार्य भनि परिभाषित गरेका कार्यबाट पीडित भएका व्यक्तिलाई वैधानिक रूपले सम्बोधन गर्ने व्यवस्थाहरू निम्न अनुसार छन्।

### ३.२.१ अपराध पीडितसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

**क) संवैधानिक व्यवस्था**

**संविधानको धारा (२१) ले अपराध पीडितको हकअन्तर्गत निम्न व्यवस्था गरेको छ।**

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ।

(२) अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

**ख) मुलुकी अपराध संहिता, २०७४ को दफा ३२ ले अपराध पीडितको हक सम्बन्धमा देहायका व्यवस्थाहरू गरेको छ।**

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ।

(२) अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

**ग) अपराध पीडित संरक्षण ऐन, २०७५:** अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने र कानूनबमोजिम सामाजिक

पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको क्षतिको प्रतिकूल असर न्यून गर्न तथा कसूरको परिणाम स्वरूप व्यहोर्नु परेको क्षति बापत पीडितलाई क्षतिपूर्तिसमेतको व्यवस्था गरी पीडितको हकहितको संरक्षण गर्ने उद्देश्यले **अपराध पीडित संरक्षण ऐन, २०७५** जारी भएको छ। उक्त ऐनको परिच्छेद २ मा फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकार र कर्तव्य अन्तर्गत विभिन्न १६ वटा अधिकारहरू उल्लेख गरिएको पाइन्छ।

घ) **बालबालिकासम्बन्धी ऐन**, **२०७५**: बालबालिकासम्बन्धी ऐन, २०४८ लाई विस्थापित गर्दै लागू भएको बालबालिकासम्बन्धी ऐन, २०७५ ले पीडित बालबालिकाको अधिकार, कसूर कायम हुने अवस्था न्यायिक प्रक्रिया र बालन्यायसम्बन्धी व्यवस्थाहरू गरेको पाइन्छ। यस ऐनमा बालबालिकालाई राज्यले गर्ने व्यवहार, बालन्यायमा अवलम्बन गरिने प्रक्रिया, बालबालिकाको शिक्षा स्वास्थ्य सुरक्षा लगायतका विषय समाहित गरी समय सापेक्ष बनाउने बारेमा उल्लेख गरिएको। जस्तैः ऐनको दफा २५ ले पीडित बालबालिकाको अधिकारअन्तर्गत परिचयात्मक विवरण गोप्य राख्ने, क्षतिपूर्ति पाउने, निःशुल्क कानूनी सहायता र कानून व्यवसायीको सुविधा पाउने, आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने, न्यायिक प्रक्रिया मा सहभागी हुन पाउने र आवश्यक सुरक्षा प्राप्त गर्ने, मुद्दाको सुनवाई बन्द ईजलाशमा हुने जस्ता महत्त्वपूर्ण व्यवस्थाहरू गरेको पाइन्छ।

ऐनको दफा ६६ ले बालबालिका विरूद्धको कसूर अन्तर्गत कसैले हिंसा वा यौन दुर्व्यवहार हुने कुनै कार्य गरेमा यस

ऐनअन्तर्गतको बालबालिका विरूद्धको कसूर गरेको मानिने व्यवस्था गरेको पाइन्छ। यस प्रकृतिको कसूर अन्तर्गत बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य पनि कसूरजन्य कार्य मानिने व्यस्था गरेको छ। बालविवाहसम्बन्धी कसूरजन्य कार्यमा पिडित बालबालिकाको हकमा आकर्षित हुने कानूनी व्यवस्था रहेको छ।

# भाग चार

## बालविवाहसम्बन्धी मुद्दामा अवलम्बन गरीने न्यायिक प्रक्रिया

अघिल्ला प्रकरणहरूमा बालविवाहमा संलग्न बालबालिकाहरूको कानूनी स्थिति बारेमा छलफल गरियो। विवाह गर्ने केटा केटीहरू दुवै १८ वर्षभन्दा कम वा तीमध्ये एउटा पक्ष १८ वर्षभन्दा कम उमेरको भएको खण्डमा बालविवाह भएको वा गरेको मानिने र त्यस्तो कार्य नेपाल कानूनले कसूरजन्य कार्य मानिने व्यवस्था रहेको छ। बालविवाह भएको देखिएमा त्यस्तो कार्य मुलुकी अपराध संहिताले फौजदारी कसूर मानी यस्तो कार्य गर्ने, गराउने र संलग्न हुने सबै सजायको भागीदारहुने व्यवस्था छ। यस्तो कसूरजन्य कार्यमा यदि बालबालिका पनि कसूरको दायरामा पर्ने भएमा बालबालिकासम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्बन्धी कार्यविधि नियमावली आकर्षित हुने कानूनी व्यवस्था रहेको छ।

राष्ट्रिय कानूनी व्यवस्थाका साथै अन्तर्राष्ट्रिय जगतमा विकास भएका बालन्याय, बालहित, बालकल्याणसम्बन्धी मान्यताहरू, समझदारीहरू, सम्झौताहरूले नेपालको बालन्याय तथा बालकल्याणको क्षेत्रमा धेरै महत्त्वपूर्ण योगदान पुर्‍याएका छन्। यसै गरी सर्वोच्च अदालतबाट समय समयमा बालबालिकाको हकहित र न्यायिक प्रक्रियाको सन्दर्भमा भएका फैंसला तथा प्रतिपादित सिद्धान्तहरूले पनि नेपालको बालन्यायको प्रक्रियामा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। बालविवाहको कारण कानूनको विवाद द्वन्दमा परेका बालबालिकको सन्दर्भमा बालन्यायको प्रक्रिया अवलम्बन गर्नु पर्दा उल्लेखित सम्पूर्ण प्रयासहरू र सिद्धान्तहरूलाई समेत मनन गर्नुपर्ने हुन्छ।

प्रचलित नेपाल कानून अर्थात् मुलुकी अपराध संहिताले बालविवाहलाई कसूर मानेको छ। बालविवाहसँग सम्बन्धित छुट्टै कार्यविधिको निर्माण भएको अवस्था नभएता पनि प्रस्तुत इजलास पुस्तिकामा हाल प्रचलनमा रहेका मौजुदा

कानूनहरू संहिताहरूमा बालबालिका तथा बालविवाहसँग सम्बन्धित मुद्दाहरूमा आकर्षित हुने कानूनी प्रावधानहरू उल्लेख गरिएको छ। बालविवाहसँग सम्बन्धित कानूनी व्यवस्था र बालविवाह विरूद्ध मुद्दाको दर्ता प्रक्रियादेखि फैसला कार्यान्वयनसम्मका विभिन्न चरणमा अदालतले के कस्तो न्यायिक प्रक्रिया अवलम्बन गर्नु पर्दछ भन्ने विषयमा यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ।

माथि विवेचना गरिए झै बालविवाहको कसूरजन्य कार्यमा यदि कुनै बालबालिकालाई कसूरको आरोपमा न्यायको दायरामा ल्याउनु परेमा अदालतले के कस्ता प्रक्रिया हरू अवलम्बन गर्नु पर्दछ। न्यायाधीश तथा कर्मचारीहरूले बालबालिका विरुद्ध कारवाहीहरू अगाडि बढाउदा के गरेमा बालबालिकाको सर्वोत्तम हित कायम हुन सक्दछ भन्ने विषयमा विशेष ध्यान दिनु पर्दछ।[२८] बाल न्यायको प्रक्रिया मा अनिवार्य रूपमा अवलम्बन गर्ने कार्यविधिहरू कानूनले निर्धारण गरेको पाइन्छ। तर त्यसका अतिरिक्त पनि के गर्दा बालबालिकाको सर्वोत्तम हित कायम हुन्छ भन्ने विषयमा भने न्यायकर्ताले तत्कालै सद विवेक नै प्रयोग गर्नु पर्दछ। तर बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकालाई साजाय हुने व्यवस्था **मुलुकी अपराध संहिता,** २०७४ को दफा २८ मा कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी, कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैंले त्यस्तो कसूर गरे सरह सजाय हुने व्यवस्था रहेको छ।

बालविवाहको कसूरजन्य कार्यमा बालबालिकाको संलग्नताको आधारमा निजहरू उपरसमेत कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने भएमा न्यायिक प्रक्रियालाई मुख्यतया तीन चरणमा विभाजन गरी अवलम्बन गर्न सकिन्छ। पहिलो चरण सुनवाइ पूर्व, दोश्रो चरण सुनवाइको क्रममा र तेश्रो चरण सुनवाइ पश्चात् कार्यान्वयनको चरणमा। ती चरणहरूलाई सहजताका लागि यस प्रकार उल्लेख गरिएको छ।

---

[२८] बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ (१)

## ४.१ प्रथम चरणः सुनुवाइ पूर्व

क. **पक्राउ पूर्जी जारी गर्ने अनुमति दिनेः** अनुसन्धान गर्ने निकायले कुनै बालबालिकालाई बालविवाहको आरोपमा अनुसन्धान गर्ने प्रयोजनको लागि नियन्त्रणमा लिनुपर्ने भएमा अदालतसँग पूर्व स्वीकृती लिएरमात्र नियन्त्रणमा लिन सक्ने कानूनी व्यवस्था[२९] भएको हुँदा त्यस्तो स्वीकृतीको लागि अदालतमा निवेदन दिन आएमा न्यायाधीशले नियन्त्रणमा लिनुपर्ने आवश्यकता र औचित्यतासमेत हेरी बालबालिकालाई नियन्त्रणमा लिदा पालन गर्नुपर्ने कानूनी व्यवस्था र कार्यविधिहरू अवलम्बन गरी बालबालिकालाई नियन्त्रणमा लिने अनुमति प्रदान गर्नु पर्दछ।

ख. **बालबालिकालाई नियन्त्रणमा लिनेः** बालबालिकालाई कुनै कसूरजन्य आरोपमा अनुसन्धान अधिकारीले नियन्त्रणमा लिनु पर्दा र नियन्त्रणमा लिएकालाई निगरानी कक्षमा राख्नु पर्दा निम्न अनुसारको कानूनी व्यवस्थाहरू पालन गर्नु पर्दछ।

| | |
|---|---|
| • कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने।<br>• कुनै पनि व्यक्तिलाई पक्राउ परेको समय देखिनै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग | **नेपालको संविधानको धारा (२०)** |

[२९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा (२) (३) र (४)

<table>
<tr><td>गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने।<br>• कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने।<br>• कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य नपारिने।<br>• प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुने।<br>• असमर्थ पक्षलाई कानूनबमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुने।</td><td></td></tr>
<tr><td>• कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले यथाशीघ्र सो कसूरको सम्बन्धमा अनुसन्धान प्रारम्भ गर्नुपर्ने। त्यसरी अनुसन्धान गर्दा आरोप लागेको बालबालिकालाई नियन्त्रणमा नलिई नहुने देखेमा नियन्त्रणमा लिन सक्ने।<br>• नियन्त्रणमा लिइएको बालबालिकालाई नियन्त्रणमा लिइरहन आवश्यक नदेखिएमा निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउनु पर्ने।<br>• कुनै बालबालिकालाई नियन्त्रणमा लिएमा अनुसन्धान अधिकारीले सो कुराको जानकारी निजको परिवारको सदस्य, संरक्षक वा</td><td>बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २१</td></tr>
</table>

| | |
|---|---|
| नजिकको नातेदारलाई दिनु पर्ने।<br>• अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिँदा अधिक बल प्रयोग गर्न नपाउने। तर बालबालिकालाई नियन्त्रणमा लिन आवश्यक पर्ने न्यूनतम बल प्रयोग गर्न बाधा नपर्ने। | |
| • नियन्त्रणमा लिइएका बालबालिकालाई नेल हतकडी लगाउन वा एकान्त कारावासमा राख्न नहुने,<br>• बालबालिकालाई सादा पोसाकका सुरक्षाकर्मीले मात्र नियन्त्रणमा लिनु पर्ने<br>• नियन्त्रणमा लिनु पूर्व आफ्नो परिचय दिएर नियन्त्रणमा लिनु परेको कारणसहितको जानकारी गराउनु पर्ने, लगायतका व्यवस्थाहरू पालन गरेर मात्र नियन्त्रणमा लिनु पर्ने। | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४२ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ नियम ७** |
| • कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने बाल अदालतलाई | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २१** |

| | |
|---|---|
| लागेमा बाल अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्ने। | |

ग. **जरुरी पक्राउ पूर्जी स्वीकृत गर्नेः** मुलुकी फौजदारी कार्यविधि संहिताले गरेको व्यवस्था अनुसार अनुसन्धान गर्ने निकायले कुनै बालबालिकालाई बालविवाहको आरोपमा अनुसन्धान गर्ने प्रयोजनको लागि तत्काल नियन्त्रणमा लिएको भएमा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई जरुरी पक्राउ पूर्जी स्वीकृत गरी मात्र थप अनुसन्धान गर्ने कार्य प्रारम्भ गरिनु पर्ने कानूनी व्यवस्था रहेको छ। तर बालबालिकाको सम्बन्धमा भने **बालबालिकासम्बन्धी ऐन, २०७५** लागू भएको अवस्था हुँदा बालबालिकासम्बन्धी ऐनले गरेको व्यवस्था नै लागू हुन्छ। तथापि बालबालिकासम्बन्धी ऐनमा उल्लेख नभएका कार्यविधिका कुराहरू भने संहिता अनुसार नै हुने हुँदा दुबै कानूनी व्यवस्थामा हेर्नु जरुरी छ।

| | |
|---|---|
| • कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबुद नष्ट गर्ने मनासिव कारण भएमा त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ९ (६) तथा (७)** |

| | |
|---|---|
| स्वीकृतिको लागि पक्राउ परेको व्यक्तिसहित मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्नुपर्ने।<br>• जरुरी पक्राउ पूर्जी जारी गरी कुनै व्यक्ति पक्राउ भएकोमा मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति प्राप्त नगरी त्यस्तो कसूरसँग सम्बन्धित अन्य अनुसन्धानसम्बन्धी कारवाही गर्न नसकिने।<br>• जरुरी पक्राउ पुर्जीको आधारमा कुनै बालबालिकालाई नियन्त्रणमा लिएको भएमा त्यस्तो जरुरी पक्राउ पूर्जी स्वीकृत गर्ने अधिकारी समक्ष बालबालिकालाई उपस्थित गराएको हुनुपर्ने। | |

उल्लेखित व्यवस्था अनुसार कुनै बालबालिकालाई तत्काल जरुरी पक्राउ पूर्जी जारी गरी नियन्त्रणमा लिइएको र त्यस्तो पक्राउ पूर्जी स्वीकृतीका लागि अदालतमा ल्याएमा न्यायाधीश वा जरुरी पक्राउ पुर्जी स्वीकृत गर्ने अधिकारीले बालहितको लागि निम्न कुरामा ध्यान दिने र निर्देशन गर्नु पर्दछ।

| | |
|---|---|
| • बालबालिका विरुद्धको उजुरी र सोको अनुसन्धान गर्दा बालबालिकालाई नियन्त्रणमा राखी राख्नु जरुरी नदेखिएमा तत्काल निजको अभिभावक, संरक्षक वा | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २१ (२)** |

| | |
|---|---|
| जिम्मा लगाई अनुसन्धान गर्न निर्देशन दिन सकिने। | |

## घ. अनुसन्धानसम्बन्धी विशेष व्यवस्था

बालबालिकासम्बन्धी ऐनले बालबालिका संलग्न भएको मुद्दाको अनुसन्धान गर्ने सम्बन्धमा विशेष व्यवस्थाहरू गरेको छ। बालबालिकालाई फरक ढंगले व्यवहार गर्नुपर्ने, बालमैत्री वातावरणमा कारवाही र सुनवाई गर्नुपर्ने, भरसक थुनामा नराखी मुद्दाको कारवाही गर्नुपर्ने, सजायमा छुट हुने गरी वा बालबालिकाको सुधार हुने गरी ईन्साफ गर्नुपर्ने जस्ता धेरै कुराहरू समाहित हुन्छन। जस्तैः

| | |
|---|---|
| • प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारले बालबालिका उपर आरोप लागेको कसूरजन्य कार्यको अनुसन्धान गर्न छुट्टै एकाई गठन गर्ने। | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २३** |
| • उक्त छुट्टै ईकाई गठन नभएसम्म नेपाल सरकारले जिल्ला प्रहरी कार्यालयमा कार्यरत बालन्यायसम्बन्धी तालीम प्राप्त कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्ने व्यवस्था रहेको छ। | |
| • बालबालिकाको मुद्दा अनुसन्धान, अभियोजन तथा सुनवाई गर्दा बालमैत्री वातावरणमा गर्नुपर्ने।<br>बालमैत्री वातावरण भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्ने।<br>बालबालिकाले बुझ्ने भाषाको प्रयोग, | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २६ (ज)** |

| | |
|---|---|
| त्रासरहित वातावरणको सिर्जना, आमा बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको बैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलव्धता लगायतको अवस्था सम्झनु पर्ने। | |
| • कानूनको विवादमा परेका बालबालिका उपर लागेको बालविवाहसम्बन्धी कसूरको अनुसन्धान हुँदा अनुसन्धान, अभियोजन कारवाही सुनवाई वा किनारा लगाउँदाको त्यस्ता बालबालिकाको छुट्टै मनोसामाजिक वा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउनु पर्ने। | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४५** |

## ङ. नियन्त्रण एवम् निगरानी कक्षमा राख्नेसम्बन्धी प्रक्रिया

कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई अनुसन्धान गर्ने अधिकारीले नियन्त्रणमा लिए पश्चात् मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउने। निजलाई निगरानी कक्षमै राखी मुद्दाको अनुसन्धान गर्नुपर्ने भएमा मुद्दा हेर्ने अधिकारीसमक्ष सोही व्यहोरा साथ स्वीकृतीको लागि पेश गरी मुद्दा हेर्ने अधिकारीले अनुमति दिएमा निजलाई निगरानी कक्षमा बालमैत्री वातावरणमा राख्नुपर्ने कानूनी व्यवस्था रहेको छ। निगरानी कक्षमा राख्दा

र निगरानी कक्षमा राखी अनुसन्धान गर्दा अवलम्बन गर्नुपर्ने केही प्रक्रियाहरू निम्न अनुसार छ।

| | |
|---|---|
| • अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिए पश्चात् तत्काल निजको अभिभावकलाई खबर गर्नुपर्ने। | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २१ (३)** |
| • बालबालिकालाई निगरानी कक्षमा नियन्त्रणमा राख्दा बालमैत्री वातावरणमा राख्नुपर्ने। | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २२** |
| • बालबालिकाको उमेर यकीन हुने प्रमाण संकलन भए वा नभएको हेरी नभएमा संकलन गर्न निर्देशन दिनु पर्ने।<br>• यदि बालबालिकाको उमेर यकिन हुने कुनै प्रमाण फेला नपरेमा प्रचलित कानूनबमोजिम उमेर यकिन गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्ने।<br>**<u>बालबालिकाको उमेर कायम गर्ने आधार:</u>** बालबालिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मानिनेछ :–<br>• अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति,<br>• स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति, | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८३** |

| | |
|---|---|
| • विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति,<br>• अस्पतालबाट प्रमाणित उमेरसम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,<br>• प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण। | |
| उमेर कायम गर्नेः<br>• बालबालिकाको उमेर कायम गर्दा उमेरको सम्बन्धमा दुविधा कायमै रहेमा उमेर परीक्षण गर्ने सुविधा उपलब्ध भएको सरकारी अस्पतालबाट उमेर परीक्षण गराउने।<br>• सरकारी अस्पताल नभएको अवस्थामा सोही जिल्ला वा नजिकैको जिल्लामा अवस्थित उमेर परीक्षण गर्ने सुविधा उपलब्ध भएको अन्य अस्पतालबाट समेत उमेर परीक्षण गर्न बाधा नपर्ने। | **बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३७** |

| | |
|---|---|
| • कानूनी तथा मनोवैज्ञानिक परामर्शको सुविधा उपलव्ध गराउनु पर्ने। | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २१ (५)** |
| • बालबालिकालाई बयस्कहरूबाट अलग निगरानी कक्षमा राख्ने व्यवस्था मिलाउनु पर्ने। | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २२** |
| • बालबालिकाले गोपनियताको अधिकार प्राप्त गर्दछन। बालबालिकाको पहिचान, परिचयात्मक विवरण तथा निजको व्यक्तिगत प्रोफाईललाई गोपनीय राख्नुपर्ने। | **बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ११ तथा दफा ७८ र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६५** |
| • नियन्त्रणमा लिइएका बालबालिकालाई रीतपूर्वकको थुनुवा पूर्जी दिनु पर्ने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३** |

बालबालिकालाई नियन्त्रणमा लिँदा र निगरानी कक्षमा राख्दा उपस्थित बालबालिकाको हकहित र सर्वोत्तम हितको लागि आवश्यक जुनसकै कुरा सोध्न र अभिलेखीकरण गर्न सकिन्छ।

**च. म्यादथप प्रक्रियाः**

बालविवाह मुद्दामा अनुसन्धानको लागि नियन्त्रणमा लिई निगरानी कक्षमा राखिएको बालबालिकाको हकमा निजलाई निगरानी कक्षमै राखी मुद्दाको अनुसन्धान गर्नुपर्ने भएमा अभियोजन अधिकारी मार्फत् मुद्दा हेर्ने अधिकारीसमक्ष म्याद थप गर्न ल्याएको अवस्थामा मुद्दा हेर्ने अधिकारीले म्यादथपसम्बन्धी प्रचलित कानूनी व्यवस्था र बालबालिकासम्बन्धी ऐन,

२०७५ ले गरेको विशेष व्यवस्थाहरू समेतलाई विचार गरी म्यादथप गर्नु पर्दछ।

| **म्यादथप सम्बन्धमा प्रचलित कानूनी व्यवस्थाहरू** | |
|---|---|
| • कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागि पक्राउ गरे पश्चात् चौविस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने।<br>• कुनै व्यक्तिलाई चौविस घण्टाभन्दा बढी थुनामा राख्नुपर्ने भएमा अनुसन्धान अधिकृतले त्यसको आधार र कारण खुलाई सरकारी वकील कार्यालय मार्फत् मुद्दा हेर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनुपर्ने।<br>• अनुसन्धान अधिकृतले अनुमतिको निवेदन दिंदा हिरासतमा रहेको व्यक्ति उपर लागेको अभियोग, त्यसको आधार, हिरासतमा राख्नुपर्ने कारण र बयान भैसकेको भए सोको व्यहोरासमेत स्पस्ट उल्लेख गर्नुपर्ने।<br>• हिरासतमा बसेको व्यक्तिले चाहेमा शारीरिक जाचँको लागि निवेदन दिन सक्ने।<br>• मुद्दा हेर्ने अधिकारीले हिरासतमा राख्ने आदेश दिंदा कारण सहितको पर्चा खडा गर्नु पर्दछ।<br>• बालबालिकालाई कसूरको प्रकृति हेरी | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४** |

| | |
|---|---|
| अनुसन्धान अधिकारीले थुनामा नराखी अनुसन्धान गर्न मनासिब देखेमा सोको कारण खुलाई पर्चा खडा गरी तारेखमा राखी अनुसन्धान गर्न सक्ने। | |
| • नियन्त्रणमा लिइएको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काईस दिनसम्म निगरानी कक्षमा राख्न सकिने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ दफा २१ (७)** |
| **म्याद थप सम्बन्धमा बालबालिकासम्बन्धी ऐनले गरेको विशेष व्यवस्थाहरू** | |
| • बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने बाल अदालतलाई लागेमा बाल अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बालसुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ दफा २१(८)** |
| • अनुसन्धान अधिकारीले नियन्त्रणमा लिइएका बालबालिकालाई सोधपुछ गर्दा निजको बाबुआमा संरक्षक वा बालकल्याण | **बालबालिका सम्बन्धी ऐन, २०७५ को** |

| | |
|---|---|
| अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नुपर्ने कानूनी व्यवस्था हुँदा सो प्रक्रिया अवलम्बन गरे वा नगरेको। | **दफा २१ (९)** |

म्यादथपसम्बन्धी प्रक्रियाको लागि प्रचलित कानूनी व्यवस्थाहरू हेर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले सामान्य कानूनको रूपमा गरेका व्यवस्थाहरू र बालबालिकासम्बन्धी ऐन, २०७५ ले विशेष कानूनको रूपमा गरेका व्यवस्थाहरू धेरैजसो समान रहेको भएता पनि केही व्यवस्थाहरू भने फरक पाइन्छन्। जस्तैः सामान्य कानूनले अनुसन्धानको प्रयोजनको लागि अदालतको अनुमतिले २५ दिन हिरासतमा राख्न सक्ने व्यवस्था गरेको छ भने बालबालिकासम्बन्धी ऐन, २०७५ ले २१ दिनको समय सिमा निर्धारण गरेको पाइन्छ। त्यसैले बालबालिका संलग्न भएको बाल ईजलासले हेर्ने मुद्दामा अनुसन्धान प्रयोजनको लागि २१ दिन थुनामा राख्ने र अन्य कार्यविधिहरू विशेष ऐन वा सामान्य ऐनले निर्धारण गरे अनुसार अनुसरण गर्नुपर्ने हुन्छ। अनुसन्धान अधिकारीले बालबालिका संलग्न भएको मुद्दामा म्यादथपको प्रक्रिया प्रारम्भ गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ।

| |
|---|
| • म्यादथपको लागि पेश गरिएको बालबालिका सहितको मिसिलमा निज बालबालिकालाई नियन्त्रणमा लिईएको समय, स्थान, कारण र प्रमाणहरू पर्याप्त रूपमा संकलन भएको हुनुपर्ने |
| • बालबालिकालाई निगरानी कक्षमा राख्दा उपलव्ध गराउनु पर्ने सेवा सुविधाहरू उपलव्ध गराए वा नगराएको हेर्नु पर्ने। |
| • नियन्त्रणमा लिइएका बालबालिकाको स्वास्थ्य परीक्षण गरी सो को |

| | |
|---|---|
| प्रतिवेदन मिसिल संलग्न गरे नगरेको। | |
| • नियन्त्रणमा लिइएको बालबालिकालाई सम्भव भएमा बाल मनोविज्ञ वा बालहितसम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलब्ध गराए वा नगराएको। | |
| • बालबालिकाले सम्पर्क गर्न चाहेको निजको अभिभावक, संरक्षक वा नातेदार वा कानून व्यवसायीसँग सम्पर्क गराए वा नगराएको। | |
| • कानूनको विवादमा परेका बालबालिका उपर लागेको आरोपको अनुसन्धान, अभियोजन, कारवाही सुनवाई वा किनारा गर्ने प्रयोजनको लागि छुट्टाछुट्टै मनोसामाजिक तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने कानूनी व्यवस्था हुँदा सो प्रक्रिया शुरु गरे वा नगरेको। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४५** |

उल्लिखित कुराहरूको अध्ययन वा अवलोकन पश्चात् निज बालबालिकासँग सम्बाद गरी निजको बोली व्यवहार आचरण, सेवा सुविधाको उपलब्धता, शारीरिक तथा मानसिक अवस्थाको सामान्य आकलन गरी म्यादथप गर्न उपयुक्त लागेमा मुद्दा हेर्ने अधिकारीले कानूनबमोजिम म्याद थप गरी दिनु पर्ने व्यवस्था रहेको छ। म्याद थपको लागि पेशहुन आएको निवेदनमा सरकारी वकीलले के कस्तो आधार र कारण उल्लेख गरेको हेरी अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनु पर्दछ।

## ४.२ दोश्रो चरणः अभियोग दायरी र सुनवाइ

यो चरणमा अभियोजन अधिकारी (सरकारी वकील) ले अदालतमा अभियोगपत्र दायर गर्ने र अदालतले सो उपरको सुनवाईको प्रक्रिया प्रारम्भ गर्ने गरिन्छ। अतः अभियोगपत्रको ढाँचा कस्तो हुने अभियोगपत्रमा के

कस्ता कुराहरू खुलाउनु पर्ने भन्ने विषय पनि बालअदालत (ईजलास) मा बस्ने न्यायाधीशले जानिराख्नु जरुरी छ। अभियोगपत्र दायर भए पश्चात् मुद्दाको सुनवाई कसरी गर्ने के कस्ता कुरामा विशेष ध्यान दिनु पर्दछ भन्ने कुरा महत्त्वपूर्ण छ। के कस्ता प्रक्रिया अवलम्बन गर्नु पर्दछ भन्ने सम्बन्धमा निम्न कुराहरू समेत विचार गर्नु पर्दछ।

## क. अभियोग दायरी र दर्ता प्रक्रिया

मुलुकी फौ.दारी कार्यविधि संहिता, २०७४ को दफा ३२ ले अभियोग पत्र दायर गर्नेसम्बन्धी व्यवस्था गरेको छ। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ११ (दफा १७१ देखि १७६ सम्म) मा विवाहसम्बन्धी कसूरको व्यवस्था गरिएको छ। दफा १७३ ले बालविवाह गर्न नहुने यदि कसैले बालविवाह गरे गराएमा उक्त कसूरजन्य कार्य गर्ने गराउने दुवैलाई तीनवर्षसम्म कैद र तीसहजार रुपैयाँसम्म जरीवाना गर्ने व्यवस्था संहिताले गरेको पाइन्छ। साथै कार्यविधि संहिताको दफा २ ले संहिताको अनुसूची १ भित्र पर्ने कसूरजन्य कार्यहरू फौजदारी कसूर मानिने व्यवस्था गरेको छ। अनुसूची १ अन्तर्गतका फौजदारी मुद्दाहरू अभियोगपत्रको रूपमा सरकारी वकीलले नेपाल सरकार वादी भई अदालतमा दायर गर्ने व्यवस्था संहिताको दफा ४३ ले गरेको छ। अतः अभियोग पत्रमा के कस्ता कुराहरू खुलाईएको हुनु पर्दछ र अभियोग पत्रको दायरी पश्चात् बाल अदालत (ईजलाशले) के कस्ता प्रक्रिया हरू अवलम्बन गर्नुपर्दछ भन्ने विषयमा जानकार हुनुपर्दछ।

| | |
|---|---|
| • श्रेष्तेदारले अदालतमा दायर हुन आएको अभियोग पत्र लगाएतका कागजातहरू ठीक | **जिल्ला अदालत** |

| | |
|---|---|
| दुरुस्त भए नभएको हेरी जाँची दर्ता गर्न आदेश दिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित मुद्दा दायरी फाँटले अभियोग पत्रसाथ पेश हुन आएका मिसिल, कागजात तथा दसी लगायत सबै व्यहोरा तत्कालै रुजु गरी जिम्मा लिई श्रेष्तेदार समक्ष पेश गर्नुपर्ने।<br>• अभियोगपत्रसाथ उपस्थित गराईएका बालबालिकालाई जिम्मा लिने र बालमैत्री कक्षमा राख्ने।<br>• बालबालिका लगायत निजको परिवार एवम् आफन्तको पहिचान गोप्य राख्ने प्रक्रिया अवलम्बन गरे वा नगरेको हेरी नभएमा तत्काल सो कार्य गर्न लगाई मात्र मिसिल जिम्मा लिने।<br>• फरार रहेका व्यक्तिको पहिचान, सम्पर्क माध्ययम, हुलिया लगायत वतनसमेतको पूरा विवरण उल्लेख भए नभएको हेरी नभए खुलाउन लगाउने।<br>• अभियोगपत्र साथ पेश गरिएको दसीको सामान रुजु गर्ने र जिम्मा लिने। | **नियमावली, २०७५ को नियम १०** |
| • अभियोगपत्रमा अभियोग लगाईएको अभियुक्तको नाम, थर, ठेगाना, हुलिया, उमेर, पेशा, बाबु आमा वा पति पत्नीको नामसमेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको।<br>• तर बालबालिकाको हकमा निजको सम्पूर्ण | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को** |

| | |
|---|---|
| विवरण खुल्ला रूपमा उल्लेख नगरी बालबालिकाको सांकेतिक नाम तथा उमेर उल्लेख गरिएको हुनुपर्ने। | **दफा ३२** |
| • अभियुक्तको वास्तविक पहिचान खुल्ने विवरण निजको फोटो, नागरिकता वा राहदानी, सवारी चालक ईजाजतपत्र वा अन्य परिचय खुल्ने अन्य कागजात पनि पेश गर्नुपर्ने।<br>तर बालबालिकाको केशमा कतिपय परिचयात्मक विवरणका कागजात हुने अवस्थै नहुने हुनाले र भए पनि पहिचान खुल्ने कागजात मिसिल संलग्न गर्नु आवश्यक नहुने। | |
| • अभियुक्तको दुवै हातको चोरी औंलाको छापहरू।<br>तर बालबालिकाको हकमा निजले गरेको कसूरजन्य कार्यको अभिलेख राख्नु नहुने र पटकेको गणना पनि नहुने हुँदा यस्तो अभिलेख राखी रहनु आवश्यक नहुने। | |
| • कसूरसँग सम्बन्धीत सूचनाको व्यहोरा र कसुरसम्बन्धी विवरण | |
| • कसूर प्रमाणीत हुने दसी प्रमाणहरू | |
| • अभियुक्त उपर लगाइएको अभियोग र त्यसको आधार र कारणहरू | |
| • प्रयोग हुनुपर्ने सम्बन्धित कानून र सजाय मागदावीको कुरा | |
| • पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने भए क्षतिपूर्तिको रकम | |
| • अभियोगपत्रमा खुलाउनु पर्ने कसूरको प्रकृतिसँग सम्बन्धित अन्य आवश्यक कुरा भए त्यसको विवरण | |
| • बालविवाहमा बालबालिका उपर अभियोग लगाइएकोमा निजले | |

| | |
|---|---|
| पहिले कुनै कसूर गरेको वा सजाय पाएको रहेछ भने पनि सो व्यहोरा उल्लेख गर्नु हुँदैन। | |
| • अभियोग लागेको बालबालिका उपरको अभियोग, कसूर एवम् सजायको प्रकृतिसमेत खुलाई निजको अभिभावक तथा कानून व्यवसायीलाई उपलव्ध गराउनु पर्दछ। | |
| • बालविवाहको कसूरमा आरोपित बालबालिकाले कसूर स्वीकार गरी अनुसन्धानमा सहयोग पुऱ्याएमा निजलाई कानूनबमोजिम हुने सजायमा निज बालबालिकाले पुऱ्याएको सहयोगको अवस्था हेरि पच्चीसदेखि पचास प्रतिशतसम्म छुटसमेतको माग गरी अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष सिफारिस गर्न सक्ने।<br>*यो जिकीरको सौदावाजी (**Plea Barganing**) को व्यवस्था हो। नेपालको न्यायिक प्रणालीमा यो नवीनतम पद्धति हो। यो प्रक्रिया अवलम्बन गर्न अनुसन्धान अधिकारी तथा अभियोजन अधिकारीको संयुक्त प्रयासबाट मात्र सम्भव छ। बालबालिकासम्बन्धी मुद्दामा यो कानूनी व्यवस्थाको प्रयोग हुन सकेमा यसले न्यायिक नयाँ अभ्यासको सुरुवात गर्न सहयोग पुऱ्याउँदछ।* | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३** |

## ख. बाल अदालत गठन र व्यवस्थापन

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० ले बाल अदालतको गठनसम्बन्धी व्यवस्था गरेको छ। नेपाल सरकारले

न्यायपरिषद्को सिफारिसमा आवश्यक संख्यामा बालअदालत गठन गर्न सक्ने र त्यस्तो बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसूरजन्य कार्यको कारवाही, सुनवाई र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल ईजलास गठन गरिने व्यवस्थासमेत गरेको पाइन्छ। बाल ईजलाशमा न्यायाधीश समाजसेवी तथा बालमनोविज्ञ वा बाल विशेषज्ञ रहने व्यवस्थासमेत सोही दफाले गरेको पाइन्छ। साथै कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा छुट्टै मिसिल खडा गरी बाल अदालतबाट कारवाही, सुनवाई र किनारा गर्नुपर्ने कानूनी व्यवस्था पनि दफा ३० ले गरेको पाइन्छ। बाल अदालत व्यवस्थापन एवम् सञ्चालन सम्बन्धमा विचार गर्नुपर्ने कुराहरू निम्न अनुसार छन।

| | | |
|---|---|---|
| • बाल अदालतमा दायर भएको मुद्दा कारवाहीको क्रममा बालबालिकाको उमेर १८ वर्ष पूरा भए पनि त्यस्तो मुद्दा बालअदालतबाट कारवाही, सुनवाई र किनारा गर्ने | | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३२** |
| • बाल अदालतले बालबालिकाको उमेर र निजको परिपक्वतालाई समेत विचार गरी बालमैत्री वातावरणमा मुद्दाको सुनवाई गर्नुपर्ने। | | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३४** |
| • मुद्दाको सुनवाई गर्दा बालबालिकालाई सहभागी गराउनु पर्ने र निजलाई आफ्नो भनाई स्वतन्त्र रूपले भन्ने अवसर प्रदान गर्नुपर्ने। | | |
| • बालबालिका | **मुलुकी फौजदारी** | **बालबालिका** |

| | | |
|---|---|---|
| उपरको मुद्दाको सुनवाई तथा कारवाही बन्द ईजलासमा गर्ने। | **कार्यविधि नियमावली, २०७५ को नियम ६३** | **सम्बन्धी ऐन, २०७५ को दफा ३५** |
| • बालबालिकको मुद्दा बन्द ईजलाशमा सुनवाई हुँदा सम्बन्धित बालबालिका, निजको परिवारका सदस्य वा संरक्षक, पीडित, सरकारी वकील, सम्बन्धित कानून व्यवसायी र बाल अदालतले अनुमति दिएका व्यक्तिमात्र प्रवेश गर्न पाउने। | | |

## ग. मुद्दाको कारवाही र सुनवाई

बाल अदालत (ईजलास) को गठन र व्यवस्थापन पश्चात् बाल ईजलाशमा कारवाही प्रारम्भ गर्नु पर्दछ। बालबालिकाको मुद्दामा कारवाही र सुनवाई गर्दा अन्य उमेर पुगेका व्यक्तिको हकमा भन्दा फरक प्रक्रियाहरू अवलम्बन गर्नुपर्ने हुन्छ।प्रमाणको विश्लेषण, कानूनको प्रयोग र निर्णयका आधारहरू फरक नहुने भएता पनि कारवाहीका प्रक्रियाहरूमा भने केही विशेष प्राथिमकता र विविधता भने कानूनले नै निर्धारण गरी दिएको पाइन्छ। त्यस्ता फरक र विशेष व्यवस्थाहरूबारे पनि जानकारी राख्नु उपयुक्त हुन्छ।

| | |
|---|---|
| • बालबालिका विरुद्ध अभियोगपत्र दायर भएपछि बालअदालत वा बाल ईजलासले त्यस्तो अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एकएकप्रति बालकको बाबु आमा वा संरक्षकलाई तुरुन्त उपलव्ध गराउनु पर्ने। | **बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ नियम १२** |
| • बालबालिकाको मुद्दामा कारवाही र सुनवाई हुँदा | **बालबालिका** |

| | |
|---|---|
| निजको अभिभावक वा संरक्षकको उपस्थितमा मात्र गर्ने।<br>• बालबालिकको संरक्षक वा अभिभावक कोही नभएमा वा भएर पनि उपस्थित नभएमा निजको तर्फबाट प्रतिनिधित्व गर्न वैतिनक कानून व्यवसायीको सहयोग लिनुपर्ने। | **सम्बन्धी ऐन, २०७५ को दफा २६** |
| • बालबालिका विरुद्धको मुद्दाको सुनुवाई गर्दा बालबालिकाको तर्फबाट कानून व्यवसायीको उपस्थिति विना नगर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८०** |
| • सुनुवाइको सूचना खास गरी अभियोग लागेको बालबालिका, पीडित, निजहरूको कानून व्यवसायी वा वैतनिक कानून व्यवसायी वा विषय विज्ञ (समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञ) लाई भरपर्दो माध्यमबाट दिनुपर्ने। | |

बालबालिकाको सर्वोत्तम हितमा हुने गरी कार्य सम्पादन गर्नु पर्छ। के गर्दा सर्वोत्तम हित हुन्छ भन्ने कुराको पूर्ण फेहरिस्त तयार गर्न नसकिने हुँदा न्यायकर्ताले विवेक प्रयोग गरी आवश्यक प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

## घ. मुद्दाको प्रारम्भिक सुनवाई

मुद्दाको सुनवाई प्रारम्भ गर्नुभन्दा पहिले न्यायायीशले सम्बन्धित मिसिलको अध्ययन गर्न गर्नुपर्ने हुन्छ। मिसिल संलग्न कागजात वा

लिखतहरू मिसिल संलग्न छ छैन हेरि सके पछि मुद्दाको सुनुवाइ शुरू हुन्छ। कानूनको विवादमा परेका बालबालिकालाई कानूनले नै सुनुवाइको सिलसिलामा बालबालिकालाई केही अधिकार दिएको छ। ती अधिकारहरूका बारेमा जानकारी राख्नु पर्दछ।

**ङ. बालविवाहसम्बन्धी मुद्दामा अभियोग लागेका बालबालिकाको सोधपुछ/बयान र थुनछेक**

| | |
|---|---|
| • बयान स्वेच्छाले गराउनु पर्ने हुनाले कुनै बालबालिकाले सोधिएको प्रश्नको जवाफ दिन नचाहेमा चुप लागेर बस्ने अधिकार निजलाई हुन्छ भन्ने कुराको जानकारी गराउनु पर्ने।<br>• बयान गर्न कर लगाउन पाइँदैन। | **नेपालको संविधानको धारा (२०)** |
| • बालबालिकाको मुद्दाको सुनवाईको क्रममा कानून व्यवसायी अनिवार्य रूपमा हुनुपर्ने।<br>• कानून व्यवसायी नभएमा बालबालिकाको मुद्दाको कारवाही तथा किनारा लगाउने कार्य नगर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८०** |
| • मुद्दाको अभियोग, सम्बन्धित प्रमाण र कसूर प्रमाणित भएमा हुन सक्ने सजायसमेत अभियोग लागेको प्रतिवादी/बालबालिकालाई स्पस्ट रूपमा सम्झाई बुझाई अभियोगपत्रमा लिईएको मागदाबी पढेर सुनाउनु पर्ने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७५ को दफा १२१** |
| • कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई अनुसन्धान अधिकारीले सोधपुछ गर्दा देहायबमोजिम | **बाल न्याय सम्पादन (कार्यविधि)** |

| | |
|---|---|
| गर्नुपर्नेछः<br>(क) बालबालिका बयान दिन सक्ने अवस्थामा रहे वा नरहेको यकिन गर्ने,<br>(ख) निजको बाबुआमा, परिवारको अन्य सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहबरमा राख्ने,<br>(ग) निजलाई सोधिएको कुराको उत्तर दिन सक्ने बालमैत्री वातावरण बनाइ सोधपुछ गर्ने,<br>(घ) सम्बन्धित कसूरजन्य कार्यको आरोपमा बालबालिकाको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्ने,<br>(ङ) निजले बुझ्ने भाषामा गर्ने,<br>(च) रातको समयमा सोधपुछ नगर्ने,<br>(छ) दिनमा सोधपुछ गर्दा एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म सोधपुछ नगर्ने,<br>(ज) कसूरमा साबित हुन प्रेरित नगर्ने,<br>(झ) सोधपुछको क्रममा बालमनोविज्ञ वा समाजसेवीको आवश्यकता परेमा सूचीकृत बाल मनोविज्ञ, सामाजसेवीहरूबाट आवश्यक सेवा उपलब्ध गराई पाउन बाल अदालत वा स्थानीय बाल अधिकार समितिलाई अनुरोध | **नियमावली, २०७६ को नियम ८** |

| | |
|---|---|
| गर्ने,<br>(ञ) सार्वजनिक रूपमा सोधपुछ नगर्ने र सोधपुछका लागि छुट्टै कोठा वा स्थानको व्यवस्था गर्ने। | |
| • बालबालिकालाई बयान गराउँदा बन्द ईजलासमा बसाएर बयान गराउनु पर्दछ। साथै बयान गराउँदा रोहबरमा निजको अभिभावक वा संरक्षक पनि साथै राख्नु पर्दछ। | |

**च. अभियुक्तले कसूर स्विकार गरेमा तत्काल फैसला सुनाउनु पर्ने**

कुनै अभियुक्तले आफू उपर लागेको अभियोग स्विकार गरी अदालतमा साविती बयान गरेमा अदालतले निजको बयानको सत्यता र विश्वसनियतालाई समेत विचार गरी तत्काल मुद्दाको फैसला गर्न सक्दछ भन्ने व्यवस्था भएको हुँदा बालविवाहसम्बन्धी मुद्दामा पनि बयानको लागि उपस्थित बालबालिकाले निजउपर लागेको कसूर स्विकार गरी बयान गरेमा निजको हकमा तत्कालै फैसला गर्न सकिन्छ।

| | |
|---|---|
| • कुनै अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्विकार गरी अदालतमा साविती बयान गरेमा अदालतले त्यस्तो बयानको सत्यता र विश्वसनियतालाई समेत विचार गरी तत्काल उक्त मुद्दाको फैसला गर्न सक्ने।<br>तर अभियुक्तले साविती बयान गरे तापनि मिसिल संलग्न प्रमाण, कसूर गर्दाको परिस्थिति वा अन्य कुनै कुराले निजको साविती साँचो होइन भन्ने विश्वास हुने कुनै कारण भएमा अदालतले यस दफाबमोजिम मुद्दा फैसला नगरी | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १२३** |

| | |
|---|---|
| कारणसहितको आदेश पर्चा खडा गरी मुद्दामा थप प्रमाण बुझ्न आदेश दिनु पर्ने। आरोपित कसूरमा सावित्ती भएको अभियुक्तले सजायमा छुट वा कमी हुनुपर्ने जिकिर लिएमा त्यससम्बन्धी सबै कुरा खुलाई निजको बयान लिई तत्सम्बन्धी प्रमाण बुझ्नु पर्ने। | |

## छ. थुनछेक प्रक्रिया

अभियोगपत्र साथ उपस्थित बालबालिकाको बयान गर्दा निजले कसूर स्विकार नगरेमा वा कसूर स्विकार गरे पनि विश्वसनीय नदेखिएमा र थप प्रमाण बुझ्नु पर्ने देखिएमा थुनछेक आदेश गर्नु पर्दछ। थुनछेकसम्बन्धी प्रक्रिया अवलम्बन गर्दा बाल अदालत (इजलास) ले निम्न कार्यविधि अबलम्बन गर्नु पर्दछ।

| |
|---|
| • अभियोगपत्र साथ उपस्थित गराईएका बालबालिकाको बयान कार्य समाप्त भए पश्चात् निजको हकमा थुनछेकसम्बन्धी प्रक्रिया प्रारम्भ गर्नुपर्ने।<br>• थुनछेक प्रयोजनको लागि कानून व्यवसायी नभएमा तत्कालै वैतनिक कानून व्यवसायीलाई बालबालिकाको तर्फबाट प्रतिनिधित्व गर्न जानकारी गराउनु पर्ने। |
| • सुनुवाई गर्दा भरसक पीडित र पीडक एकै स्थानमा नराखी मुद्दाको गम्भीरताको आधारमा अलग अलग राखी गर्नुपर्ने। |
| • सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ |

| | |
|---|---|
| सुनुवाईको सुनिश्चितता हुनु पहिलो शर्त हुने हुनाले यसका लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने। | |
| • बालबालिकाको उमेर र निजको परिपक्वतासमेतलाई विचार गरी सुनुवाइलाई बालमैत्री वातावरणमा गर्नुपर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३४** |
| • थुनछेक आदेश गर्दा बालबालिकाले गरेको कसूरको गम्भिर्यता, कसूर गर्दाको अवस्था, निजको शारीरिक, मानसिक तथा आर्थिक अवस्था, समाजमा पार्ने असर लगायतका कुराहरू समेतलाई विचार निजको सर्वोत्तम हित हुने गरी गर्नुपर्ने। | |
| • १६ वर्ष उमेर पूरा नभएका बालबालिकालाई जघन्य कसूर, गम्भीर कसूर वा पटके कसूर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था रहेको हुँदा बालविवाहसम्बन्धी कसूरमा हुने सजाय तीनवर्षसम्म भन्ने देखिँदा पूर्पक्षको लागि थुनामा नराखी मुद्दाको सुनुवाई गर्नुपर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ (७)** |
| • बालबालिकालाई पुर्पक्षको लागि थुनामा बस्न नपर्ने गरी आदेश गर्दा निजको अभिभावक तथा संरक्षकको जिम्मा लगाई अदालतले सुनवाईको लागि तोकेको समयमा उपस्थित गराउने गरी कागज गराई मिसिल संलग्न गर्नुपर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २४ (३)** |
| • बालबालिकासँग मुद्दाको पूर्पक्षको लागि धरौटी माग गर्न नहुने। | **बालबालिका सम्बन्धी ऐन,** |

| | |
|---|---|
| | **२०७५ को दफा २४ (१)** |
| • अनुसन्धान गर्ने निकायले वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निःशुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादकको सुविधा उपलव्ध गराउने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २० (घ)** |

**ज. दिशान्तर गर्न सक्ने**

बालबालिकाहरूले गल्ती गर्दैनन। बालबालिकाहरूले कुनै कसूरजन्य कार्य गर्दा त्यस्तो कार्य निजहरूले त्यसको परिणाम बुझेर गरेको हुँदैनन्। बालबालिकालाई निजहरूले गरेको कसूरजन्य कार्यमा सजाय नगरी निजहरूलाई सुधार गर्नु पर्दछ भन्ने मान्यताहरू रहेका छन्। त्यस्तै गरी, कानूनद्वारा कसूरजन्य कार्य मानिएको कार्य गर्ने बालबालिकालाई कानूनको विवादमा परेको बालबालिका भनिने र त्यस्ता बालबालिकालाई न्यायको प्रक्रिया मा ल्याउनुभन्दा छोटो र छिटो मार्गद्वारा निजको विषयमा न्यायिक प्रक्रिया अवलम्बन गर्न उपयुक्त हुन्छ भन्ने मान्यताका साथ कानूनको विवादमा परेको बालबालिकालाई न्यायिक प्रक्रिया मा दिशान्तर गर्नु पर्दछ भन्ने नविनतम मान्यताहरू विकसित भएका छन्।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २७ देखी २९ सम्म दिशान्तरसम्बन्धी व्यवस्था गरेको छ। यस ऐनले तीन तहका निकायहरूले दिशान्तर गर्न सक्ने व्यवस्था गरेको छ। दिशान्तर कसरी गर्ने, के कस्तो मुद्दाको दिशान्तर गर्ने, कसले गर्ने र यसको परिणाम के हुन्छ भन्ने सम्बन्धमा लामो छलफल हुन सक्दछ। तर प्रस्तुत शीर्षकमा बालविवाहको

कसूरजन्य कार्यमा संलग्न भएको अभियोग लागेको बालबालिकाको हकमा दिशान्तर कसरी र कसले गर्ने भन्ने विषय जानकारी राख्नु महत्त्वपूर्ण छ।

| | |
|---|---|
| • प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखिएमा सजायको अनुपातको आधारमा तोकिएको अधिकारीले कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्ने। जस्तैः<br>• पाचँ हजार रुपैयाँसम्म विगो भएको वा दुई हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,<br>• दशहजार रुपैयाँसम्म विगो भएको वा पाचँहजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकीलले,<br>• जतिसुकै विगो भएको वा तीन वर्षसम्म कैद हुनसक्ने मुद्दामा बाल अदालतले।<br>***नोट : बालविवाहमा हुने सजायको हद भनेको उमेर पुगेकालाई ३ वर्ष कैद र तीसहजार रुपैयाँ जरिवाना हुन्छ। तर बालबालिकालाई निजको उमेरको आधारमा बढीमा एक तिहाई अर्थात् बढीमा २ वर्ष कैद र जरिवाना बढीमा २० हजार हुन सक्ने देखिन्छ। अतः बालविवाहसम्बन्धी मुद्दाको दिशान्तर गर्ने अधिकार सरकारी वकील तथा बाल*** | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७** |

| | |
|---|---|
| *अदालतलाई रहेको देखिन्छ।* | |

| | |
|---|---|
| **बालबालिकाको मुद्दा दिशान्तर गर्न निम्न कुराहरू विचार गर्नुपर्दछ**<br>• बालबालिकाले कसूरजन्य कार्य गरेको कुरा स्विकार गरेको हुनु पर्दछ।<br>• बालबालिका निजको बाबु आमा परिवारका सदस्य वा संरक्षकको सहमति हुनुपर्ने।<br>• पीडित पक्षको पुनर्स्थापना हुने गरी निजको सहमति प्राप्त गर्नुपर्ने।<br>• कसूरको प्रकृति, कसूरजन्य कार्य गर्दाको परिस्थिति, घटनाको गाम्भीर्यता, बालबालिकाको उमेर, परिपक्वता बौद्धिकस्तर, पारिवारिक वातावरण र पीडितलाई पुगेको क्षति र निजको पुनर्स्थापनालाई आधार मान्नु पर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २८** |
| **दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया**<br>• बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने।<br>• बालबालिकालाई गल्ती महसूस गर्न लगाउने।<br>• बालबालिका र निजको अभिभावकलाई आवश्यक परामर्श दिने।<br>• बालबालिकालाई सामुदायिक सेवामा पठाउने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २९** |

| | |
|---|---|
| • बालबालिकाको हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने।<br>• बालकल्याण अधिकारीको सुपरिवेक्षणमा रहने गरी बालबालिकालाई छाड्ने।<br>• बालबालिकालाई आमाबाबु संरक्षक वा संस्थाको जिम्मा लगाउने।<br>• बालबालिकालाई कुनै तालीम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने। | |

यस प्रकार कुनै कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दिशान्तर गरिएमा त्यस्तो विवादको अन्त्य हुनेछ। दिशान्तर पश्चात् त्यो विवादको औपचारिक न्यायिक प्रक्रिया समाप्त भएको मानिन्छ।

### झ. वारिस नियुक्तिसम्बन्धी प्रक्रिया

सामान्यतया अनुसूची १ र २ अन्तर्गतको कसूरमा अभियोग लागेको व्यक्ति अदालतको आदेशले थुनामा नबसी तारिखमा बसेको रहेछ र त्यस्तो व्यक्ति काबुबाहिरको परिस्थिति परी तारिखको दिन उपस्थित हुन नसक्ने भएको अवस्थामा पनि निजले वारिसद्वारा मुद्दामा तारिख लिन पाउँदैन।

तर अपवादको रूपमा तीन वर्ष वा तीन वर्षभन्दा कम सजाय हुन सक्ने कसूरको अभियोग लागेको व्यक्तिको हकमा भने काबु बाहिरको परिस्थितिले तोकेको तारिखको दिन उपस्थित हुन नसक्ने भएमा सोही व्यहोरा खुलाई बारिस राख्न अनुमतिको लागि अदालतमा निवेदन दिन सक्ने र अदालतले व्यहोरा मनासिब देखेमा अवधि तोकी वा नतोकी वारिस नियुक्ति गर्ने अनुमति दिने कानूनी व्यवस्था मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९५ मा गरेको पाइन्छ।

बालविवाहसम्बन्धी मुद्दा पनि तीन वर्षसम्म कैद सजाय हुने प्रकृतिको मुद्दा भएको र बालबालिका उपर त्यस्तो कसूरको अभियोग लागेको अवस्थामा निजको हकमा त सो सजायको निश्चित प्रतिशत सजाय स्वत कम हुने हुँदा बालविवाहसम्बन्धी मुद्दामा अभियोग लागेको बालबालिका तत्काल थुनामा बसेको रहेनछ र तारिखमा रहेछ भने निज तोकिएको तारिखमा काबुबाहिरको परिस्थितिले अदालतमा उपस्थित हुन नसक्ने भएमा अदालतले उचित र मनासिब देखेमा निजलाई वारिस मार्फत् तारिख लगाएत अदालती प्रक्रिया अवलम्बन गर्न अनुमति दिन सकिने कानूनी व्यवस्था रहेको छ।

**ञ. बालविवाहसम्बन्धी मुद्दामा प्रमाण परिक्षण**

बालबालिका विरुद्ध अभियोगपत्र दायर गरिएको बालविवाहसम्बन्धी मुद्दामा थुनछेकको प्रक्रिया पूरा भई प्रतिवादी चुक्ता भै सकेको अवस्थामा मुद्दामा प्रमाण बुझ्ने प्रक्रिया तत्कालै प्रारम्भ गर्नु पर्दछ। प्रमाण बुझ्ने वा प्रमाण परिक्षण गर्ने क्रममा बाल अदालतले निम्न कुराहरूमा विचार गर्नु पर्दछ।

| | |
|---|---|
| • अदालतमा दायर भएका मुद्दाका साक्षी अदालतले तोकेको दिन सम्बन्धित पक्ष आफैले उपस्थित गराउनु पर्ने।<br>• बालविवाहसम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची १ अन्तर्गत पर्ने मुद्दा भएको हुनाले सरकारी पक्षको साक्षी उपस्थित गराउँदा सरकारी वकील कार्यालय | **मुलुकी फौजदारी संहिता, २०७४ को दफा १०१ र मुलुकी फौजदारी कार्यविधि नियमावली,** |

| | |
|---|---|
| मार्फत् उपस्थित गराउनु पर्ने।<br>• प्रमाण बुझ्ने क्रममा सर्व प्रथम वादी त्यसपछि प्रतिवादीको साक्षी गवाह बुझ्ने कार्यको थालनी गर्नु पर्नु।<br>• साक्षी बुझ्न तोकीएको तारेखको दिन उपस्थित नहुने साक्षीलाई वातेल गर्नुपर्ने। तर काबु बाहिरको परिस्थिति परी बकपत्र गर्न उपस्थित हुन नसकेको अवस्थामा अदालतले अर्को तारेख तोक्न सकिने।<br>• पछि उपस्थित गराउन नसक्ने साक्षीलाई तत्काले बकपत्र गराईपाउँ भनि मुद्दाका पक्षले अदालतमा निवेदन दिएमा अदालतले बकपत्र गर्नु परेको कारण खुलाई बकपत्र गर्न सक्ने। | **२०७५ को नियम ५३** |
| • साक्षीको बकपत्र गराउँदा बाल ईजलाशमा नै गर्नु पर्दछ र बाल इजलासलाई बन्द इजलास कायम गर्ने।<br>• तर शारीरिक असमर्थताले गर्दा अदालतमा उपस्थित हुन नसक्ने साक्षीको बकपत्र गराउँदा निज बसेको ठाउँमा न्यायाधीश आफैं गै वा कर्मचारी खटाई बकपत्र गराउन सकिने | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०८** |
| • अदालतले साक्षी बकपत्र गर्न तोकिएको दिन उपस्थित भएसम्मका सबै साक्षीहरूको बकपत्र गराउनु पर्ने।तर त्यसैदिन सबैको बकपत्र नसकिएमा अर्को दिन तोक्न सकिने।<br>• अदालतमा बकपत्र गर्न उपस्थित भएको | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०६** |

| | |
|---|---|
| साक्षीलाई निजले सत्य कुरा व्यक्त गर्ने कुराको उदघोष गरी सबैले सुन्ने गरी सपथ गराई बकपत्र गराउनु पर्ने। | |
| **बन्दसबालद्वारा साक्षी बकपत्र गराउन सकिने**<br>• मुद्दा दायर रहेको अदालतको अधिकारक्षेत्रभन्दा बाहिर रहे बसेको वा कुनै कारणले अदालतमा उपस्थित हुन नसक्ने तर नबुझी नहुने साक्षीलाई मुद्दाको गम्भिरता हेरी बन्दसबालद्वारा बुझ्न सकिने।<br>• कुनै पक्षले बन्दसबालद्वारा सोधिने बकपत्रको सावलहरूमा आफ्नो साक्षीलाई सोधिने सबालहरू समेत समावेश गरी पाउन निवेदन दिन सक्ने र अदालतले मनासिब देखेमा त्यस्तो सबाल समावेस गर्न सकिने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०७** |
| • श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत् साक्षी बुझ्न सकिने।<br>• श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत् साक्षी बुझ्दा साक्षीले व्यक्त गरेको कुरा अभिलेख गर्नुपर्ने र साथै श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) को समेत अभिलेख राख्नुपर्ने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०९** |
| **साक्षीको मुखाकृति आदि टिपोट गर्न सकिने** | **मुलुकी फौजदारी** |

| | |
|---|---|
| • कुनै साक्षीलाई बकपत्र गराउँदा निजको व्यवहार मुखाकृति कस्तो थियो, निजसँग सोधिएको प्रश्नको जवाफ दिंदा उत्तेजित भएको, हडबडाएको वा डराएको थियो थिएन भन्ने आफूलाई लागेको कुरा अभिलेख बनाई राख्नुपर्ने। | **कार्यविधि संहिता, २०७४ को दफा ११०** |
| • **साक्षी बकपत्र गर्दा उपलब्ध साधन श्रोतको आधारमा बालबालिकालाई छुट्टै राखी बकपत्र गराउनु पर्ने।** | |
| • **बाल ईजलासबाट हेरिने मुदामा प्रमाण परीक्षणको लागि साक्षीहरूको बकपत्र गर्दा आवश्यकता अनुसार दोभाषे वा सांकेतिक भाषाविज्ञको व्यवस्था गर्नुपर्ने।** | |
| • बकपत्र गर्न उपस्थित साक्षीलाई सरकारी दर रेटमा उपलब्ध गराउनु पर्ने भत्ता रकम उपलव्ध गराउने सम्बन्धमा आवश्यक पहल गर्न सरकारी वकीललाई आवश्यक निर्देशन दिने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११३** |
| • कुनै मुद्दामा बकपत्र गर्न अदालतमा उपस्थित साक्षीलाई दैनिक तथा भ्रमण भत्ताको साथै आवश्यक सुरक्षासमेत दिनु पर्ने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४** |

## ४.३ तेश्रो चरण सुनुवाइ पश्चात्

### क. मुद्दाको अन्तिम सुनवाई

बालबालिकाको मुद्दामा गरिने सुनुवाई विभिन्न चरणमा गरिन्छ। मुद्दामा म्याद थप गर्दा, थुनछेक आदेश गर्दा, साक्षीको बकपत्र गर्दा, अन्य

बुझ्नुपर्ने कुरा बुझ्ने आदेश गर्नु पर्दा र मुद्दामा अन्तिम सुनवाई गर्दा दुवै पक्षको कुरा सुनी फैसला गर्नु पर्दछ।

| | |
|---|---|
| • बालबालिका पक्ष भएको मुद्दामा निजको कानून व्यवसायी उपस्थित नभई मुद्दाको कारवाही र सुनवाई गर्न नहुने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८०** |
| • बालबालिकाको कानून व्यवसायी कोही नभएमा वैतनिक कानून व्यवसायी वा कानूनी सहायताको सुविधा उपलब्ध गराउनु पर्ने। | |
| • बालबालिकाको संरक्षक अभिभावक तथा निज बालबालिकासमेतको रोहवरमा मुद्दाको कारवाही र सुनवाई गर्नुपर्ने। | |
| • मुद्दाको सुनवाई गर्नुभन्दा अगावै मुद्दाको टिपोट तयार गर्ने वा गराउने। | |
| • प्रमाण बुझ्ने कार्य समाप्त भएको सामान्यतया एक महिना भित्र न्यायाधीशले मुद्दा फैसला गर्नु पर्दछ।<br>• फैसला गर्ने न्यायाधीशले फैसलाको पूर्ण लेख तयार भएकोमा त्यस्तो पूर्ण लेख र त्यस्तो पूर्ण लेख तयार नभएकोमा आफ्नो निर्णयसम्म मात्र सुनाउन सक्ने।<br>• त्यसरी फैसला सुनाएको एक्काईस कार्यदिन भित्र फैसला लेखी मिसिल संलग्न गर्नुपर्ने।<br>• अदालतले प्रत्येक हप्ता तयार भई प्रमाणीकरण | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१** |

| | |
|---|---|
| भएको फैसलाको विवरण आफ्नो वेवसाईटमा राख्नुपर्ने। | |
| • बाल अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया एकसय विस दिनभित्र मुद्दाको किनारा गर्नु पर्दछ र त्यस्ता मुद्दाको कारवाही र किनारा गर्दा निरन्तर सुनवाईको आधारमा गर्नुपर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३७** |
| • बालन्याय सम्पादन गर्दा पुनर्स्थापकीय न्यायको मान्यता अनुकूल हुने गरी गर्नुपर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३९** |
| • बालविवाह मुद्दामा अदालतले फैसला गर्दा कसूर ठहर हुने भयो भने अभियोग लागेका बालबालिकालाई सजायसमेत निर्धारण गर्नुपर्ने।<br>• सजाय निर्धारण गर्दा बालबालिकाको कसूरको गम्भीरता, कसूर गर्दाको परिस्थिति, कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरू, कसूरदारको आचरण र विगतको क्रियाकलाप, दोषको मात्रा, सजायको उद्देश्य, कैदको विकल्प लगाएतका विषयहरू उपर विचार गरी कैद निर्धारण गर्नुपर्ने। | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ र १५** |
| • बाल अदालत (इजलास) ले बालबालि कालाई सजाय गर्दा देहायका कुराहरूलाई समेत विचार गर्नु पर्दछ | **फौजदारी कसूर (सजाय निर्धारण तथा** |

| | |
|---|---|
| ➢ बालबालिकाको सर्वोत्तम हित,<br>➢ बालबालिकाले गरेको कसूरको गम्भीरता र दोषको मात्रा,<br>➢ बालबालिकाको व्यक्तिगत परिस्थिति अर्थात् निजको उमेर, शिक्षा, पारिवारिक स्थिति, सामाजिक अवस्था, कसूरको किसिम, कसूरबाट पुग्न गएको हानि नोक्सानी र कसूर गर्नुको उद्देश्य,<br>➢ पीडितलाई दिन प्रस्ताव गरिएको क्षतिपूर्ति,<br>➢ कसूर प्रतिको पश्चाताप,<br>➢ असल र उपयोगी जीवन जिउने चाहना | **कार्यान्वयन) ऐन, २०७४ को दफा १६** |
| • सजाय निर्धारण गर्दा फैसला वा आदेशमा अन्य कुराहरूका अतिरिक्त निम्न कुराहरू पनि खुलाउनु पर्दछ। जस्तैः<br>➢ सजाय गर्नुपर्ने कारण,<br>➢ जरिवानाको सजाय निर्धारण गर्दा कसूरदारले बुझाउनु पर्ने जरीवानाको रकम, जरिवाना बुझाउनु पर्ने मिति, किस्ताबन्दीमा बुझाउन पाउने भए त्यस्तो कुरा र जरीवाना नतिरे वापत हुन सक्ने कैद सजाय,<br>➢ कैद सजाय निर्धारण गर्दा कैदको अवधि, थुनामा रहेको मिति, कैद भुक्तान हुने मिति | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७** |

| | |
|---|---|
| ➢ सुधार गृह वा पुनर्स्थापना केन्द्रमा कैद सजाय भुक्तान गर्ने गरी सजाय निर्धारण गर्दा त्यस्तो गृह वा केन्द्रमा बस्नु पर्ने अवधि, पालना गर्नुपर्ने शर्त र त्यस्तो शर्त उल्लङ्घन गरे बापत हुन सक्ने सजाय,<br>➢ कैद निलम्बन हुने भए कति अवधिसम्म निलम्बन हुने,<br>➢ क्षतिपूर्ति तिर्नुपर्ने भए क्षतिपूर्तिको रकम, तिर्नु पर्ने अवधि, तरिका र नतिरेमा हुन सक्ने सजाय, | |
| **कम सजाय तोक्ने र राय पेश गर्ने:**<br>***नोटः बालविवाहमा अधिकतम् सजाय जन्मकैदको व्यवस्था नै नरहेकोले यस सम्बन्धमा विचार गरी रहनु नपर्ने।*** | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क** |
| • एक वर्षभन्दा कम कैद निर्धारण भएको कसूरदारले पहिलो पटक कसूर गरेको रहेछ र निजले गरेको कसूर, निजको उमेर, आचरण, कसूर गर्दाको परिस्थिति, कसूर गर्दा अपनाएको तरिकालाई विचार गर्दा निजलाई कैदमा राख्न उपयुक्त नदेखिएमा अदालतले त्यस्तो कसूरदारलाई भएको कैद तत्काल कार्यान्वयन नगरी निलम्बन गर्न सकिने। | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २४** |

| | |
|---|---|
| • कैद सजाय निलम्बन गर्दा कैद सजाय निर्धारण भएको मितिदेखि तीन वर्षसम्म निलम्बन गर्न सकिने। | |

## ख. बालविवाहसम्बन्धी कसूर गर्नेलाई हुने सजायसम्बन्धी व्यवस्था

| दफा | कसूर | सजाय जरिवाना | विवाहको परिणाम |
|---|---|---|---|
| मुलुकी अपराध संहिता, २०७४ को दफा १७१ (३) | विवाह गर्ने व्यक्तिहरूको मञ्जुरी बिना विवाह गर्ने वा गराउने | दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना | विवाह बदर |
| मुलुकी अपराध संहिता, २०७४ को दफा १७२ (३) | जानीजानी हाडनातामा विवाह गर्ने | हाडनाता करणीमा हुने सजाय (मुलुकी अपराध संहिता, २०७४ को दफा २२० (२) (क) (ख) (ग) (घ) | स्वतः बदर |
| मुलुकी अपराध संहिता, २०७४ को दफा १७२ (३) | जानीजानी हाडनातामा विवाह गराउने | तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै | स्वतः बदर |

| | | | |
|---|---|---|---|
| मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ (३) | बालविवाह गर्ने र गराउने | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँ सम्म जरिवाना | स्वतः बदर |

## ग. फैसला लेखन

बालबालिकाको मुद्दाको फैसला तयार गर्दा अन्य कुराहरूको अतिरिक्त निम्न कुराहरू पनि विचार गर्नु पर्दछ। सामान्यतया मुद्दाको अन्तिम सुनवाई समाप्त भए पश्चात् अदालतले तत्कालै फैसला सुनाउनु पर्दछ। जस्तैः

| | |
|---|---|
| • फैसला लेख्दा अन्य कुराहरूका अतिरिक्त देहायका कुराहरूसमेत उल्लेख गरी निर्धारित ढाँचामा तयार गर्नु पर्दछः<br>• मुद्दाको संक्षिप्त मुद्दाको संक्षिप्त विवरण तथा सोसँग सम्बन्धित आवश्यक कुरा,<br>• मुद्दामा कुनै कानून व्यवसायीले बहस गरेको भए त्यस्तो बहसको मुख्य मुख्य बुँदा,<br>• मुद्दाका पक्षहरूले पेश गरेको प्रमाण, ती प्रमाणको विश्वसनीयता वा खण्डनीय, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता,<br>• मुद्दामा कुनै पक्षले कुनै कानूनी प्रश्न उठाएको भए त्यससम्बन्धी कुरा,<br>• कसूर ठहर हुने वा नहुने आधार तथा त्यसको कारण,<br>• पुनरावेदन लाग्ने वा नलाग्ने र पुनरावेदन | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ (३)** |

| | |
|---|---|
| गर्नुपर्ने अदालत,<br>• अन्य आवश्यक कुराहरू। | |
| • त्यसरी फैसला वा निर्णय सुनाएको एक्काईस कार्यदिन भित्र फैसला लेखी मिसिल संलग्न गर्नुपर्ने।<br>• अदालतले प्रत्येक हप्ता तयार भई प्रमाणीकरण भएको फैसलाको विवरण आफ्नो वेवसाईटमा राख्नुपर्ने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१** |
| • अदालतबाट फैसला हुँदा कुनै व्यक्ति कसूरदार ठहरी सजाय भएमा निज अनुसन्धानको सिलसिलामा हिरासत वा थुनामा बसेको भए निजलाई त्यसरी थुनामा राखेको अवधि फैसलाबमोजिम हुने कैदमा कटाई बाँकी अवधिको मात्र कैद हुने हुँदा सोही अनुसार कैदको लगत खडा गर्नुपर्ने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१** |
| • फैसला निर्धारित ढाँचामा तयार गर्नु पर्दछ। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ४३** |

# भाग पाँच

# पीडित बालबालिकाको सम्बन्धमा अवलम्बन गरिने न्यायिक प्रक्रिया

## ५.१ बालबालिका पीडित भएको बालविवाहसम्बन्धी मुद्दामा अदालती प्रक्रिया

बालबालिका पीडित भएको बालविवाहसम्बन्धी मुद्दामा अवलम्बन गरिने प्रक्रिया कानूनले छुट्टै निर्धारण भएको पाईदैन। तर बालविवाहको मुद्दामा बालबालिका पीडित हुने अवस्थाहरू प्रवल रूपमा हुन सक्दछन। कसरी बालविवाह मुद्दामा बालबालिका पीडित हुन्छन भन्ने सन्दर्भमा यसै पुस्तिकाको भाग तीनमा विस्तृत विवेचना भएको छ। पीडित बालबालिकाको हक अधिकार सम्बन्धमा नेपालको संविधान, प्रचलित कानून एवम् बालबालिकासम्बन्धी ऐनले के कस्तो व्यवस्था गरेको छ भन्ने सम्बन्धमा समेत उल्लेखित भाग तीनमा संक्षिप्त रूपमा विवेचना गरिएको छ। कुनै कसूरजन्य कार्य बालबालिकाले गरेको देखिएता पनि त्यस्तो कार्य घर परिवार वा अन्य व्यक्तिको दवाव वा प्रलोभनमा गरेको देखिएमा बालबालिका दोषि नभई पीडित हुने र त्यस्तो कसूरजन्य कार्य बालबालिका विरुद्धको कसूर मानिने व्यवस्थासमेत बालबालिकासम्बन्धी ऐनले गरेको पाइन्छ। जस्तैः

| | |
|---|---|
| कसैले बालबालिकालाई सिकाई दवाव दिई अह्राई प्रलोभनमा पारी वा जुनसुकै तरिकाबाट कसूरजन्य कार्य गर्न लगाएको भए त्यसरी सिकाउने दवाव दिने अह्राउने प्रलोभनमा पार्ने वा सो कार्य गर्न लगाउने व्यक्तिलाई निज आफैले सो कसूर गरे सरह कानून वमोजिम सजाय हुने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ (६)** |
| **बालबालिका विरुद्धको कसूरः** बालबालिकाको विवाह | **बालबालिका** |

| | |
|---|---|
| तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको कसूर हुने। | **सम्बन्धी ऐन, २०७५ को परिच्छेद ८ दफा ६६ (ण)** |

अतः उल्लेखित कानूनी व्यवस्थाको आधारमा बालविवाहसम्बन्धी मुद्दामा बाल अदालत (ईजलास) ले पीडित बालबालिकाको हकहित संरक्षण र प्रचलनको लागि के कस्तो प्रक्रिया हरू अवलम्बन गर्नु पर्दछ भन्ने सन्दर्भमा यो भागमा प्रस्तुत गर्ने प्रयास गरिएको छ। जस्तैः

| | |
|---|---|
| • सबैभन्दा पहिले बालविवाहमा पीडित भएको बालबालिकाको परिचयात्मक विवरण गोपनीय राख्ने प्रक्रिया अवलम्बन गर्नुपर्ने।<br>• आवश्यक परेमा पीडितको साक्षीको परिचयात्मक विवरणसमेत गोप्य राख्न सकिने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३** |
| • बाल अदालतमा बाहेक अन्य अदालतमा परेको बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको मुद्दाको कारवाही, सुनवाई र किनारा गर्दा प्राथमिकता दिनुपर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८२** |
| • बालबालिका पीडित भएको मुद्दामा त्यस्तो पीडत बालबालिका तथा निजको साक्षीले नेपाली भाषा नबुझ्ने भएमा सम्बन्धित भाषा वा सांकेतिक भाषामा दक्ष अनुवादकको सहयोग लिन सक्ने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७४** |
| • पीडितलाई आफू पीडित भएको मुद्दाको | **नेपालको संविधान,** |

| | |
|---|---|
| अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुने।<br>• पीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने।<br>• उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्थालाई अनुसरण गर्दै पीडितलाई मुद्दामा भै रहेको कारवाहीसम्बन्धी जानकारी दिने र क्षतिपूर्ति सहितको न्यायको लागि प्रयासरत रहनु पर्ने। | **धारा (२१) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ३२** |
| • पीडितलाई शिष्ट मर्यादित स्वच्छ र सम्मानजनक व्यवहार गर्नुपर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४** |
| • पीडित बालबालिकालाई न्यायिक प्रक्रियामा धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिकता, उत्पत्ति, भाषा, वैवाहिक एवम् पारिवारिक स्थिति, उमेर, शारीरिक वा मानसिक अस्वस्थता, अपांगता वा वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नहुने।<br>तर नाबालक, जेष्ठ नागरिक वा शारीरिक वा मानसिक रूपले अशक्त पीडित व्यक्तिको खास | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ५** |

| | |
|---|---|
| आवश्यकतालाई फौजदारी न्यायिक प्रक्रिया को रोहमा विचार गर्नुपर्ने भएमा सम्भव भएसम्म त्यस्तो पीडित प्रति विशेष व्यवहार गर्न रोक लगाएको नमानिने। | |
| • बालबालिका पीडित भएको मुद्दामा बालबालिकाको पहिचान गोप्य राख्नुपर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ११ (३)** |
| • अनुसन्धानमा प्रतिकुल असर पर्ने भएमा वा स्वयं पीडितको जीउ ज्यानमा खतरा पुग्ने अवस्थामा बाहेक पीडितले चाहेमा अनुसन्धानसम्बन्धी जानकारी पीडितलाई उपलव्ध गराउनु पर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ७** |
| • सरकारी वकीलले पीडितलाई मुद्दामा अभियोजन सम्बन्धमा गरेको कारवाहीको जानकारी दिनु पर्ने।<br>• सरकारी वकील (अभियोजन अधिकारी) ले बालबिवाह मुद्दामा मुद्दा चलाउने गरी गरेको निर्णय सहित अभियोगपत्रको एकप्रति सम्बन्धित पीडित बालबालिकालाई उपलव्ध गराउनु पर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ८** |
| • अभियोजन गर्ने निकाय वा अदालत वा सम्बन्धित निकायले पीडितले माग गरेमा अभियुक्तको हकमा भएको पुर्पक्षसम्बन्धी अर्थात् थुना वा धरौट वा तारेखसम्बन्धी | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ९** |

| | |
|---|---|
| आदेश, मुद्दा सुनवाईको मिति, समय, अभियुक्तलाई भएको सजाय थुना वा कैद मुक्तसम्बन्धी जानकारी, अभियुक्त कारागारमा रहेको वा कारागार बाहिर वा फरार रहेको लगायतका माग गरेको जानकारी दिनुपर्ने। | |
| • अभियुक्त, निज सम्बद्ध व्यक्ति वा निजका साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार वा पीडितमा आश्रित व्यक्ति विरुद्ध हुन सक्ने आक्रमण क्षति डर त्रास वा धम्कीबाट सुरक्षित राख्नको लागि गर्न सकिने उपायहरू अवलम्बन गर्नुपर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा १०** |
| • मुद्दाको अनुसन्धान, अभियोजन वा सुनवाईको क्रममा पीडितले न्यायिक प्रक्रिया मा सहयोग पुग्ने गरी धारणा व्यक्त गर्न सक्ने हुनाले सो अवसर उपलव्ध गराउनु पर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ११** |
| • पीडितले चाहेका न्यायिक प्रक्रियामा छुट्टै कानून व्यवसायी राख्न सक्ने हुँदा सो सुविधा उपलव्ध गराउने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा १२** |
| • पीडितले आफु सरोकार रहेको मुद्दाको सुनवाई प्रक्रियामा अदालतमा उपस्थित हुन र आफ्नो भनाई राख्न पाउने व्यवस्था गर्नुपर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा** |

| | |
|---|---|
| • तर पीडित आफैं पनि साक्षी रहेको अवस्थामा अदालतले बकपत्र नभएसम्म उपस्थित हुन रोक लगाउन सक्ने। | १३ |
| • मुद्दा सुनवाई प्रक्रियामा पीडित अदालतमा उपस्थित हुँदा निजलाई अभियुक्त, निजको आफन्त र साक्षीबाट अलग हुने गरी छुट्टै कक्षमा राख्ने व्यवस्था मिलाउनु पर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा १४** |
| • अदालतले आफ्नो सुपरिवेक्षणमा सार्वजनिक हितमा प्रतिकूल असर नपर्ने भएमा र विवाद समाधानमा सघाउ पुग्ने भएमा पीडित र अभियुक्त दुवै पक्षको सहमतिमा पीडित र अभियुक्त बीच छलफल गराउन सक्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा १६** |
| • पीडित पनि सरकारी साक्षी सरह हुने हुँदा निजलाई बकपत्रको लागि अदालतमा उपस्थित गराउँदा विशेष शुरक्षा, सरकारी भत्ता, परामर्श जस्ता सुविधाहरू उपलव्ध गराउनु पर्ने। | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११३** |
| • पीडितले कुनै मुद्दामा क्षतिपूर्ति पाउने भएमा सोसम्बन्धी जानकारी प्राप्त गर्ने।<br>• सरकारी वकीलले पीडितलाई क्षतिपूर्ति भराउने सम्बन्धमा गर्नुपर्ने आवश्यक कारवाही गर्नुपर्ने।<br>• पीडितलाई अपराधबाट पुग्न गएको क्षतिपूर्ति गराउने र पुनःस्थापनाको लागि आवश्यक योजना बनाउने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा १८ र १९** |
| • पीडितले चाहेमा कसूरको कारणले आफूलाई | **अपराध पीडित** |

| | |
|---|---|
| प्रत्यक्षरूपमा परेको क्षति वा प्रभावको उल्लेख गरी अदालतमा अभियोगपत्र दायर हुनुभन्दा अगावै प्रतिवेदन दिन सक्ने।<br>• पीडित नाबालक भएको कारणले त्यस्तो प्रतिवेदन पेश गर्न नसक्ने भएमा निजको अभिभावक, संरक्षक वा कानूनबमोजिमको प्रतिनिधिले पीडितको तर्फबाट त्यस्तो प्रतिवेदन पेश गरिदिन सक्ने।<br>• अदालतले कसूरदारलाई सजाय निर्धारण गर्दा पीडित प्रभाव प्रतिवेदनलाई समेत आधार लिन सक्ने। | **संरक्षण ऐन, २०७५ को दफा २५ र २७** |
| • पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्ने भएमा अदालतले तत्काल पीडित राहत कोषबाट अन्तरिम राहत रकम उपलव्ध गराउनु पर्ने।<br>• त्यसरी उपलब्ध गराईएको राहत रकम पछि मुद्दा फैसला हुँदा अभियुक्त उपरको कसूर ठहर भएमा त्यस्तो अभियुक्तलाई मुद्दा फैसला भएको ३५ दिनभित्र सो रकम जम्मा गर्न आदेश दिन सक्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९** |
| • अदालतले मुद्दाको अन्तिम किनारा गर्दा | **अपराध पीडित** |

| | |
|---|---|
| कसूरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरूप भराईदिने गरी आदेश गर्न सक्ने।<br>• कसूरदारको कुनै सम्पत्ति नभएमा वा कसूर कायम भए पनि कसूरदार यकिन नभएमा वा कुनै कारणले मुद्दा फिर्दा हुने भएमा अदालतले आवश्यकता अनुसार पीडितको लागि मनासिब माफिकको रकम क्षतिपूर्तिबापत पीडित राहत कोषबाट भराई दिनु पर्ने। | **संरक्षण ऐन, २०७५ को दफा ३०** |
| • कसूरदारले अदालतको फैसलाबमोजिम जरीवाना, सरकारी विगो, दशौद विशौद वा दुनियाँको विगो लगाएत अन्य कुनै रकमका अतिरिक्त पीडितलाई क्षतिपूर्तिसमेत बुझाउनु पर्ने भएकोमा कसूरदारबाट असुलउपर भएको रकमबाट सबैभन्दा पहिले पीडितले पाउने क्षतिपूर्तिलाई प्राथमिकता दिनु पर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३५** |
| • अदालतले कसूरदारबाट पीडितलाई भराईदिनु पर्ने ठहराएको क्षतिपूर्ति रकम कसूरदारले नदिएमा सरकारी बाँकी सरह कसूरदारको चल अचलबाट भराई दिनु पर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३६** |
| • कानूनबमोजिम क्षतिपूर्ति रकम नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो क्षतिपूर्ति रकम निजको आश्रित सन्तान वा अभिभावकलाई दिलाई दिनुपर्ने। | **अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३७** |
| • पीडित बालबालिकाको अधिकारः पीडित | **बालबालिका** |

| | |
|---|---|
| बालबालिकालाई अनुसन्धान अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा बाल अनुकूल न्यायको अधिकार हुने।<br>➢ आफूले बुझ्ने भाषामा जानकारी पाउने।<br>➢ कारवाहीको हरेक प्रक्रिया मा सहभागी हुन पाउने।<br>➢ व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने।<br>➢ पीडकबाट मनासिब क्षतिपूर्ति पाउने।<br>➢ निःशुल्क कानूनी सहायता, आवश्यकता अनुसार मनोसामाजिक परामर्श र कानून व्यवसायी राख्न पाउने।<br>➢ भाषा नबुझ्ने भएमा दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादकको सुविधा पाउने।<br>➢ अनुसन्धान गर्ने निकाय वा अदालतले गरेको निर्णय वा आदेशको प्रतिलिपि निःशुल्क पाउने।<br>➢ पीडक वा निजपक्षबाट हुन सक्ने हानीबाट सुरक्षा पाउने।<br>➢ बन्द इजलाशबाट मुद्दाको सुनवाई हुने।<br>➢ आवश्यकता अनुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष बनाउने अर्थात् | **सम्बन्धी ऐन, २०७५ को दफा २५** |

| | |
|---|---|
| पीडित र पीडकको देखभेट नहुने गरी सुनवाई गर्ने। | |
| • बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक रूपमा पुनर्स्थापना गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७१** |
| • बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्न एक बाल कोषको स्थापना गर्ने।<br>• कसूरदारवाट जरिवानाको रकम असूल हुन नसकेमा वा असूल भए पनि कम वा अपर्याप्त भएमा बालकोषबाट भराइदिनु पर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३** |
| • बाल अदालतले कसूरदारलाई भएको जरिवानाको रकमभन्दा कम नहुने गरी पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानी समेतको विचार गरी मनासिब क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रूपमा कसूरदारबाट भराईदिनु पर्ने। | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७३** |
| • कुनै कसूर पीडित बालबालिकाले क्षतिपूर्ति प्राप्त नगर्दै निजको मृत्यु भएमा निजको बाबु आमा वा परिवारको अन्य सदस्य वा संरक्षकलाई दिनु पर्ने। | |

*नोटः कानूनको विवादमा परेका बालबालिकासम्बन्धी विवादको न्यायिक कामकारबाही बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ बमोजिम गर्नुपर्दछ।*

*नोटः बालविवाहमा पीडित बालिकाको स्वास्थ्य परीक्षणको सन्दर्भमा प्रजनन स्वास्थ्यको दृष्टिकोणबाट समेत स्वास्थ्य परीक्षण गर्नु गराउनु अत्यावश्यक हुन्छ। जस्तै पीडितलाइ यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी जानकारी, परामर्श तथा सेवा प्राप्त छ छैन, गर्भ निरोधको बारेमा जानकारी र पहुँच छ छैन, गर्भवति छ छैन, गर्भवति छ भने प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी, परामर्श तथा सेवा प्राप्त छ छैन, सो को पहुँच छ छैन, सुरक्षित गर्भपतन सेवा बारे जानकारी छ छैन, त्यसमा पहुँच छ कि छैन भन्ने लगायतका बिषयमा ध्यानाकर्षण गर्दै स्वास्थ्य परीक्षण गर्न गराउन प्रजनन् स्वास्थ्य परामर्श तथा सेवा उपलब्ध गराउन आदेश गर्न सकिन्छ।*

प्रकाशन संख्या:८९


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं.: ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email: info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिसः

हरिहरभवन, ललितपुर

फोन नं. ९७७-१-५५४९०५७